


# वार्षिक विकास कार्यक्रम

आ.व. २०७८/०७९ को लागि

## वार्षिक नीति तथा कार्यक्रम र बजेट

आर्थिक ऐन, २०७८ तथा विनियोजन ऐन, २०७८

(सोच परिवर्तनको आधारपत्र)

# बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)

www.baudikalimun.gov.np

# वार्षिक विकास कार्यक्रम

आ.व. २०७८/०७९ को लागि

# वार्षिक नीति तथा कार्यक्रम र बजेट

आर्थिक ऐन, २०७८ तथा विनियोजन ऐन, २०७८

## (सोच परिवर्तनको आधारपत्र)

# बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)

www.baudikalimun.gov.np

# अध्यक्षको कलमबाट

नेपाली जनताको निरन्तर संघर्ष र बलिदानवाट हासिल भएको गणतन्त्र र संघीयताको मुल मर्म अनुसार स्थानीय तहहरु गठनसंगै सर्वसाधारणको असिमित आकाङ्क्षाहरु स्थानीय सरकार प्रति छन नै, ति आकाङ्क्षाहरु पुरा गर्ने तर्फको यात्रामा हामी प्रतिबद्ध भएर लागिरहेका छौ ।हाम्रो यस यात्रामा सबै बौदीकालीवासीहरु तथा अन्य सरोकारवालाहरुको गत आर्थिक बर्षहरुमा जस्तै चालु आर्थिक बर्ष २०७८/७९ मा पनि साथ र सहयोग हुनेछ भन्ने मेरो विश्वास रहेको छ ।यो बर्षलाई **सोंच परिवर्तन**को बर्षको रुपमा भव्यताकासाथ मनाउनेछौं ।

खानेपानी, कृषी, पर्यटन र पुर्वाधारः बौदीकाली विकासको दीगो आधार" को दीर्घकालिन सोंच सहित बौदीकाली गाउँपालिकाको लक्ष्य कृषी तथा पशुपालन क्षेत्रमा व्यवसायिकरण, समानुपातिक, समावेशी र समन्यायीक विकास, गुणस्तरीय शिक्षाको सुनिश्चितता, स्वास्थ्यको सुविधाको पर्याप्तता र दीगो पूर्वाधार विकास गर्ने रहेको छ । यो दीर्घकालिन सोंच र लक्ष्य प्राप्त गरी जनताको जीवनयापनमा परिवर्तन ल्याउनको लागी नेपालको संविधान, स्थानीय सरकार सँचालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सहभागितात्मक प्रक्रियावाट भौगोलिक रुपमा अत्यन्तै विविधताले भरिपुर्ण, बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक विशेषतायुक्त बौदीकाली गाउँपालिकाले सामाजिक सदभाव, साँस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसँस्कृत समाज निर्माण गर्दै समाजमा विद्यामान सामाजिक कुरीति, विसङ्गती तथा विकृतिहरुको न्युनीकरण गर्दै समाजमा विद्यमान सबै प्रकारका विभेद, बञ्चितिकरण र असहिष्णुता, असमानताको अन्त्य गर्दै गाउँपालिकाको सन्तुलित विकास हासिल गर्नुका साथै कोभिड १९ माथि विजय प्राप्त गर्ने प्रमुख नीति अबलम्वन गरि बार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरि छैठौं गाउँसभावाट स्वीकृत भएको छ । यसको कार्यान्वयनवाट गाउँपालिकाको समृद्धिको यात्रामा सघाउ पुग्ने विश्वास लिएको छु ।

राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरू, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी बौदीकालीको समृद्धिको लागि हरदम चिन्तन र मनन गरिरहने, गाउँपालिकालाई सहयोग, सल्लाह र सुझाव दिनुहुने संघ तथा प्रदेशका माननीय ज्यूहरु, राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि, कर्मचारी तथा सम्पूर्ण बौदीकालीवासी प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, छैठौं गाउँसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण गाउँ सभासद ज्यूहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी ज्यूहरु साथै बौदीकालीवासी आमाबुबा, दाजुभाई दिदिबहिनिहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै बार्षिक विकास कार्यक्रमको सफल कार्यान्वयनमा जुट्न सबैलाई आव्हान गर्दछु ।

दुर्गा बहादुर राना
अध्यक्ष

## उपाध्यक्षको कलमबाट

गत आर्थिक बर्ष देखी नै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकट सामना गर्नुपरेको छ यसले पार्ने नकरात्मक प्रभाव र निम्त्याउने अर्थतन्त्र सँकुचनको मारले पर्ने असर त छदैछ कोरोनाबाट बौदीकालीवासीहरुको जीवन रक्षा गर्ने र विकाशलाई गतिशिल बनाउने गहन जिम्मेवारीका साथ बार्षिक कार्यक्रम तयार गरिएको छ ।यसको कार्यान्वयनमा सबै बौदीकालीवासीको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

बौदीकाली गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु कृषी, शिक्षा, स्वास्थ्य, पर्यटन र पुर्वाधार विकास हुन भन्ने कुरामा स्थापित गाउँपालिकाको नीति र क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दिई बार्षिक कार्यक्रम तर्जुमा र तयारी गर्दा सँघीय सरकार र गण्डकी प्रदेश सरकारको बार्षिक बजेटसँग अधिकतम तादम्यता मिल्ने गरी, नेपालको सँविधानको अनुसुची बमोजिम स्थानीय तहको अधिकारसुची, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भुमिका र सँचालित विकास आयोजनाको कार्यान्वयनको अवस्था समेतलाई ध्यानमा राखी अनुत्पादक तथा अनावश्यक क्षेत्रहरुमा खर्च कटौती गर्ने, पुंजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययीता तथा नियमितता कायम हुने गरी बजेट स्वीकृत भएको हुनाले पक्कैपनि उत्पादनमुलक हुनेछ भन्ने विश्वास लिएको छु । प्रत्येक कार्यक्रमहरुलाई **सोंच परिवर्तन**को दृष्टीवाट सम्बोधन गर्ने प्रयास गरिएको छ । यो बजेट तथा कार्यक्रमको कार्यान्वयनवाट सकरात्मक सोच र व्यवहारले हामी सबैलाई निर्देशित गर्नेछ भन्ने विश्वास समेत लिएको छु ।

अन्त्यमा, छैठौं गाउँसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण गाउँ सभासद ज्यूहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी ज्यूहरु साथै बौदीकालीवासी आमाबुबा, दाजुभाई दिदिबहिनिहरुप्रति हार्दिक धन्यवाद ब्यक्त गर्दै बार्षिक विकास कार्यक्रमको सफल कार्यान्वयमा जुट्न सबैलाई आव्हान गर्दछु ।

**मायादेवी श्रेष्ठ**
उपाध्यक्ष

# प्रमुख प्रशासकीय अधिकृतको कलमबाट

नेपालको संविधानले अंगीकार गरेको शासकीय प्रबन्ध अनुसार सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । यस संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्र तोकेको छ । जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसाथ गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने अवधारण सहित देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्दीको आकाङ्क्षालाई पुरा गरी समृद्ध राष्ट्र निर्माण गर्न गाउँपालिकालाई आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा आर्थिक, सामाजिक, सांस्कृतिक, पूर्वाधार लगायत समष्टिगत विकासका लागि योजना बनाई लागू गर्ने जिम्मेवारी वर्तमान संविधान तथा स्थानीय सरकार सँचालन ऐन, २०७४ लगायतका कानुनले प्रदान गरेको छ । यसै सन्दर्भमा कोभिड १९ को महामारीका विच कानुनले निर्दिष्ट गरेका चरण तथा प्रक्रियाहरु पुरा हुने गरी अधिकारक्षेत्र भित्रका विषयहरुलाई समेटेर आर्थिक बर्ष २०७८/७९ को लागि बार्षिक विकास कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गरेका छौ ।

बार्षिक नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयनयोग्य, बस्तुपरक र नतिजामुखी बनाउन यस गाउँपालिकाका जनप्रतिनिधिहरुले गर्नुभएको प्रयत्न प्रंशसायोग्य छ । यसको सफल कार्यान्वयनवाट गाउँपालिकाको समृद्धिको यात्रामा पक्कै पनि सघाउ पुग्नेछ । जनताको नजिकको सरकार भएको कारणले पनि स्थानीय तहहरुले गुणस्तरीय सार्वजनिक सेवा सहज र सरल प्रकियावाट उपलब्ध गराउनु पर्ने हुन्छ, त्यसका लागि बौदीकाली गाउँपालिका हरदम प्रयासरत छ । यसै गरी वित्तिय पारदर्शिता र उत्तरदायित्व प्रबर्द्धनमा समेत त्यत्तिकै संवेदनशिल रहेका छौ ।साथै यो नीति तथा कार्यक्रम र बजेटले कोभिड १९ लगायतका महामारी तथा विपदमाथी विजय प्राप्त गर्ने दिशामा सफलता प्राप्त हुने र परिलक्षित गरेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरु प्राप्त हुने समेत विश्वास लिईएको छ ।

बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट बनाउनको लागि महत्वपुर्ण सुझाव उपलब्ध गराउनुहुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखेल, प्रतिनिधि सभा सदस्य माननीय तिलक महत, गण्डकी प्रदेश सभा सदस्य माननीय बिष्णु लामिछाने तथा सबै माननीय ज्यूहरु, गाउँपालिका भित्र क्रियाशिल राजनीतिक दलका प्रमुख/प्रतिनिधि, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी ज्यूहरु, सुरक्षाकर्मी ज्यूहरु लगायत सम्पूर्ण बौदीकालीवासी प्रति कृतज्ञ छौ । यसको कार्यान्वयनमा पनि यस्तै सहयोग, सहकार्य, समन्वय र सुझावको अपेक्षा गाउँकार्यपालिकाको कार्यालयले गरेको छ ।

धन्यवाद ।

प्रदिपचन्द्र सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

# विषयसुची

१. बौदीकाली गाउँपालिकाको संक्षिप्त परिचय
२. आ.व. २०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम
३. आ.व. २०७८/७९ को बार्षिक बजेट बक्तव्य
४. आ.व. २०७८/७९ को आय व्ययको अनुमान
५. आ.व. २०७८/७९ को लागी स्वीकृत बजेट तथा कार्यक्रमहरु
६. आर्थिक ऐन, २०७८
७. विनियोजन ऐन, २०७८

# बौदीकाली गाउँपालिकाको परिचय

| | |
|---|---|
| **गाउँपालिकाको नाम** | : बौदीकाली गाउँपालिका |
| **स्थापना वर्ष** | : वि.सं. २०७३ |
| **प्रदेश** | : गण्डकी प्रदेश |
| **जिल्ला** | : नवलपुर |
| **वडा संख्या** | : ६ |
| **जनसंख्या** | : १५,७३४ (जनगणना २०६८ अनुसार)<br>महिला - ८७४४<br>पुरुष - ६९९० |
| **घर संख्या** | : २९९८ |
| **क्षेत्रफल** | : ९१.९ वर्ग किलोमिटर |
| **भौगोलिक अवस्थिति** | : ८४°२" देखि ८४°७" पूर्वी देशान्तर र २४°४९" देखि २७°५४" उत्तरी अक्षांश । |
| **गाउँपालिकाको सिमाना** | : पूर्व बुलिङटार, दक्षिण हुप्सेकोट गाउँपालिका पर्दछ भने पश्चिम पाल्पा र उत्तरमा तनहुँ जिल्ला पर्दछ । |
| **महत्वपुर्ण बजार** | : खहरे, डेढगाउँ, मचेडि, भुलाड |
| **प्रमुख जाती** | : मगर,कामी, दमाई, क्षेत्री, बाहुन, नेवार, दराई, सार्की, गुरुङ्ग, घर्ती, ठकुरी, कुँवर, भाट र कुमाल आदी । |
| **पर्यटकीय क्षेत्र** | : डेढगाउँ देवीस्थान (अकलादेवी), बालीघाट बाल्मिकी आश्रम, रकुवाको बाँझोबारी जनक आश्रम, ओटाङ, कोटथर दुर्गाभवानी, गुरुङ होम स्टे, दराई सामुदायिक होम स्टे, बौद्ध गुम्बा नरम आदि । |
| **चाडपर्व** | : साउने सकान्ती, नागपञ्चमी, जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, हरितालीका तिज, बडादशैं, दिपावली (तिहार), पन्ध्र पुष, माघेसकान्ती, चैते दशैं (रामनवमी), गुजेरी पूर्णिमा, नववर्ष, संकान्ती चन्डी पूर्णिमा (बुद्धजयन्ती) आदि । |
| **विद्यालय संख्या** | : ३६ |
| **संस्थागत विद्यालय** | : २ |
| **सामुदायिक विद्यालय संख्या** | : ३४ |
| **प्रमुख खोला नदीहरु** | : कालीगण्डकी, बौदीखोला, निरन्दीखोला, ईल्दिखोला, चुवार्दी खोला। |

# आर्थिक बर्ष २०७८/७९

# को

# नीति तथा कार्यक्रम

## बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

२०७८

बौदीकाली गाउँपालिकाको छैठौं गाउँ सभामा

गाउँपालिका अध्यक्ष श्री दुर्गा बहादुर रानाले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रम

## बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

२०७८

www.baudikalimun.gov.np

www.facebook.com/hellobaudikal

**आदरणिय गाउँसभा अध्यक्ष ज्यु,**

**सम्पुर्ण गाउँसभा सदस्य ज्युहरु,**

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड १९) को दोश्रो लहर तथा हालै श्रृजित प्राकृतिक प्रकोपको संकटको यस घडिमा गरिमामय सभा समक्ष म आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्नको लागि यहाँ उपस्थित भएको छ । कोभिड १९ को रोकथाम तथा प्रतिकार्यमा खटिनुहुने सम्पुर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक, जनप्रतिनिधि तथा कर्मचारी र सम्पुर्ण बौदीकालीवासीहरु प्रति उच्च सम्मान समर्पण गर्दछु ।

२. बौदीकाली गाउँपालिकाको प्रथम निर्वाचित गाउँपालिका अध्यक्षको हैसियतले यस सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक बर्ष २०७८/७९ को लागि बौदीकाली गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा अत्यन्तै गौरव महसुस गरेको छु ।

३. राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै शहीद, वेपत्ता तथा घाईते परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु

४. बौदीकाली गाउँपालिकालाई सहयोग, सल्लाह र सुझाव दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि, कर्मचारी, शिक्षक तथा सम्पुर्ण बौदीकालीवासी प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अव म आगामी आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु- बस्तुतः कोरोनाको कारणले अधुरा रहन गएको चालु आर्थिक बर्षकै नीति तथा कार्यक्रमहरुलाई पुर्ण गर्ने गरी आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम तयार गरेको छु ।

५. **दीर्घकालीन सोचः** बौदीकाली गाउँपालिकाको दीर्घकालीन सोंच "खानेपानी, कृषी, पर्यटन र पुर्वाधारः बौदीकाली विकासको दीगो आधार" रहेको छ ।

६. **लक्ष्यः** बौदीकाली गाउँपालिकाको लक्ष्य "कृषी तथा पशुपालन क्षेत्रमा व्यवसायिकरण, समानुपातिक, समावेशी र समन्यायीक विकास, गुणस्तरीय शिक्षाको सुनिश्चितता, स्वास्थ्यको सुविधाको पर्याप्तता र दीगो पूर्वाधार विकास गर्ने" रहेको छ ।

७. **उद्धेश्यः** यस नीति तथा कार्यक्रममा प्रमुख उद्देश्यहरु यस प्रकार छन-

- कोभिड १९ तथा प्राकृतिक प्रकोप लगायतका विभिन्न महामारीहरुको छितो, छरितो र यथोचित ब्यबस्थापन गरी गाउँपालिकावासीहरुलाई सुरक्षित बनाउने ।
- कृषकको व्यवसायिक क्षेत्र र वित्तीय संस्थामा पहुंच अभिबृद्धी गर्दै यान्त्रिकरण सहितको व्यवसायिक कृषी प्रणाली स्थापित गर्ने ।
- स्थानीय सम्भावनाका आधारमा स्वरोजगार तथा आय आर्जनका अवसरहरुको सिर्जना गरि समुदायको जिवनस्तरमा सुधार गर्ने, उद्यमशिलताको विकास गर्ने ।

- खासगरी महिला, दलित, जनजाती, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै साथै स्थानीय स्तरमा दक्ष जनशक्ति विकास गर्ने ।
- विकास प्रयासमा स्थानीयहरुको सहभागिता र अपनत्व अभिबृद्धि गर्दै पारदर्शिता, उत्तरदायित्व र सुशासन प्रत्याभुति गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवालाई प्रविधिमैत्री वनाई सेवाग्राहीलाई सहज, शीघ्र र गुणस्तरीय सेवा प्रदान गर्ने ।
- गाउँपालिकाको आन्तरीक आम्दानी र आम्दानीका क्षेत्रहरु विस्तार गर्ने ।

आदरणीय सभा सदस्य ज्यूहरु,

अव म आगामी आर्थिक बर्षको लागि प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## ८. समग्र नीति तथा कार्यक्रमहरुः

- आगामी आर्थिक बर्षलाई सोंच परिवर्तनको बर्षको रुपमा लिईनेछ ।
- प्राकृतिक प्रकोप, कोभिड १९ लगायतका महामारी जस्ता विषम परिस्थितिवाट गाउँपालिकावासीहरुको रक्षा गर्ने कार्यलाई प्राथमिकता दिईनेछ, कोभिड अस्पताल र सबै स्वास्थ्य संस्थाहरुको क्षमता विकास गरिनेछ ।

- व्यवसायिक तथा बैज्ञानिक कृषि, तरकारी खेती, फलफूल खेती तथा पशुपालन मार्फत रोजगारी श्रृजना गरी जनताको जीवनस्तर सुधार गर्ने नीति लिईनेछ ।
- बौदीकाली गाउँपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजना र मध्यकालिन खर्च संरचना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाबासीहरुलाई सुशासनको अनुभुति दिन भ्रष्टाचारमुक्त निर्वाचित पदाधिकारी र कर्मचारी प्रशासन एवं जनताप्रति जिम्मेवार संगठन संरचना क्रियाशिल बनाउने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको पर्यटन प्रबर्द्धन, धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको विकास तथा प्रवर्द्दन गरिनेछ ।
- स्वास्थ्य, सरसफाई र वातावरण सँरक्षणमा विशेष जोड दिईनेछ ।
- गाउँपालिकाको औद्योगिक ग्रामको निर्माणलाई निरन्तरता दिईनेछ ।
- १५ शैयाको अस्पताल र गाउँपालिकाको प्रशासनिक भवन निर्माणको थालनी गरिनेछ, सबै वडा कार्यालयहरुको निर्माण सम्पन्न गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत निजी क्षेत्र, दातृ निकाय, गैससको सहभागिताको लागि प्रोत्साहन गरी उनीहरुको समेत लागत सहभागिता सुनिश्चित गरी कार्यक्रम सँचालन गर्ने नीति अवलम्बन गरिनेछ।
- सबै मौसममा चल्ने गरी सडकहरु मर्मत, निर्माण र स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**आदरणीय सभासदस्य ज्युहरु,**

**अव म क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरु

**कृषी तथा पशु विकासः**

९. गाउँपालिकामा रहेको खेतीयोग्य जमिनको पूर्ण सदुपयोग सुनिश्चित गर्न एकिन तथ्यांक अद्यावधिक गरी बैज्ञानिक बर्गिकरण गरिनेछ ।

१०. स्थानीय जलवायु अनुकुल बालीनाली छनौट गरी तिनिहरुको उत्पादनमा बृद्धि गरिनेछ।

११. कृषी व्यवसाय प्रबर्द्धन कोष स्थापना गरी कृषी क्षेत्रको आधुनिकिकरण, यान्त्रिकरण र व्यवसायिकिकरण गर्न अनुदान र प्रोत्साहनको ब्यबस्था गरिनेछ । यसै कोषवाट कृषीमा हुन सक्ने प्रकोप व्यवस्थापन गरिनेछ ।

१२. कृषीमा उद्यमशिलताः आजको आवश्यकता भन्ने मुल मर्म साकार बनाउन कृषी पकेट क्षेत्रहरु, जोन तथा सुपरजोन घोषणा गरी कार्यान्वयन गर्न कृषी ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ।

१३. स्थानीय प्रजातीका मौलिक बालीहरु पहिचान गरी तिनिहरुको संरक्षण र उत्पादनको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

१४. कोभिड १९ को कारण रोजगारी गुमेका, व्यवसाय बन्द भएका तथा विदेशवाट फर्किएका युवाहरुको मागको आधारमा कृषी कर्म गर्न प्रोत्साहन अनुदान दिने नीति लिईनेछ ।

१५. निजी तथा सरकारी कृषीयोग्य भूमिलाई बाँझो नराख्न प्रोत्साहन गरिनेछ ।

१६. आगामी आर्थिक बर्ष भित्रमा सबै वडाहरुमा वडा स्तरीय कृषी तथा पशुपालन समिति तथा गाउँपालिका स्तरीय एउटा कृषी तथा पशुपालक समिति गठन, परिचालन र व्यवस्थापन गरिनेछ।

१७. अर्गानिक तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।कृषकको उत्पादन विक्रि नहुने अवस्थालाई अन्त्य गरी कृषी उत्पादको सुरक्षा उपलब्ध गराईनेछ । बैज्ञानिक भण्डारण तथा चिस्यान केन्द्रहरुको व्यवस्थापन गरिनेछ ।

१८. युवा लक्षित नमुना पशुपालक कृषकलाई अनुदानको व्यवस्था मिलाइनेछ । पशुजन्य उत्पादनको निर्यात प्रबर्द्धन गरिनेछ ।

१९. घुम्ती पशु स्वास्थ्य शिविर संचालन गरिनेछ । पशुरोग नियन्त्रणको लागी आवश्यक प्रबन्ध गरिनेछ । आवधिक रुपमा माटो परिक्षण, रोग परिक्षण तथा शिविर सँचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२०. पशु तथा कृषी विमा कार्यक्रम सँचालन गर्नको लागि प्राथमिकता दिईनेछ ।

२१. अदुवा/अलैंची प्रशोधन केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।व्यवस्थित दुग्ध डेरी तथा व्यवस्थित मासु पसल स्थापना गर्न जोड दिईनेछ ।

२२. कृषी र पशुपालन सम्बन्धि व्यवसायिक फर्म वा समुहलाई विशेष प्रोत्साहन र अनुदान उपलब्ध गराईनेछ ।

**सहकारीः**

२३. स्थानीय राजश्व परामर्श समितिको सदस्यमा सहकारी क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

२४. स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै विकास र उत्पादनमा सहकारीसंगको साझेदारी र सहकार्यमा जोड दिइनेछ ।

२५. कृषी सहकारीहरुलाई प्रोत्साहन गरी कृषी बजारीकरण र विकासमा लगानी बृद्धि गर्ने नीति लिईनेछ ।

२६. गाउँपालिका भित्र एकीकरण हुने सहकारीहरुलाई करछुटको व्यवस्था गरिनेछ ।

२७. सहकारी मार्फत कृषिजन्य उत्पादन तथा कृषी मलको खरिद विक्री प्रकृयालाई सरलिकरण गरिनेछ ।

२८. गाउँपालिका भित्रका सम्पूर्ण सहकारीलाई सहकारीको सिद्धान्त, वित्तिय सेवा तथा प्रविधिको पहुँच विस्तार गर्न सहकारी शिक्षा तथा तालिम सँचालन गरिनेछ ।

२९. गाउँपालिका क्षेत्र भित्र सँचालन हुने सहकारी संस्थाहरुको दर्ता, अनुमति, खारेजी र विधटन सम्बन्धी कार्यलाई थप प्रभावकारी तुल्याईनेछ ।

३०. बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने सहकारीहरुलाई वित्तिय अनुशासन कायम गर्न बाध्यकारी ब्यबस्थाको परिपालनालाई कठोरतापुर्वक कार्यान्वयन गरिनेछ ।

**पर्यटनः**

३१. बालीघाट क्षेत्र, अकलादेवी मन्दीर, मौला डाँडा, मौलाकाली डाँडा, चम्के गुफा, स्यालपानी लगायतका विभिन्न गुफाहरु, शिरपोखरी तथा विभिन्न मन्दिर तथा गुम्वाहरु लगायतका पर्यटकिय क्षेत्रहरुको सँरक्षण र प्रबर्द्धनको लागि आधारभुत पुर्वाधारहरुमा लगानी गरिनेछ । तिनिहरुको अद्यावधिक विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ । सेतोपानी, वतासे गुफा, लालीगुराँश संरक्षण क्षेत्रको प्रचारप्रसार गरिनेछ ।

३२. पर्यटकिय स्थलहरुसम्म पुग्ने न्युनतम सुविधायुक्त सडकहरु निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । मुख्य मुख्य पर्यटकिय क्षेत्रहरुमा नक्सा सहितको जानकारीमुलक सुचनापाटी राखिनेछ ।

३३. दरै होमस्टे र ल्हापे होमस्टेको क्षमता विकास गरिनेछ । नयाँ घरवास क्षेत्रहरुको पहिचान र स्थापना गरिनेछ । अतिथि सत्कारको सभ्यता तथा तालिम संचालन गरिनेछ।

३४. गांउपालिकाको आधिकारिक वेभसाईटमा पर्यटन प्रबर्द्धनको लागि छुट्टै सेक्सन स्थापना गरि प्रचार प्रसार गरिनेछ ।

३५. एक आर्थिक बर्षमा १ वटा पर्यटकिय पुर्वाधार निर्माण कार्यक्रम अन्तर्गत आगामी बर्ष बालीघाट क्षेत्रको पूर्वाधार विकास गरिनेछ ।

३६. गुरुङ भिलेज देखी थारु भिलेज सम्मको पर्यटकिय पदमार्ग स्थापनाको लागी सम्भाव्यता अध्ययन गरिनेछ । त्यसको लागी प्रदेश सरकारसंग समन्वय गरिनेछ।

३७. बौदीकाली गाउँपालिकाको पर्यटन गुरुयोजना तयार गरी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला र प्रदेश सरकारको पर्यटन योजनासँग एकीकृत गरिनेछ ।

**उद्योग, बाणिज्य तथा सार्वजनिक निजी साझेदारीः**

३८. श्रममा आधारित तथा कृषी तथा पशुजन्य उद्योग स्थापनाको लागि निजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।

३९. साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थहरुमा आधारित उद्योगहरु स्थापना गर्न जोड दिईनेछ ।

४०. बौदीकाली गाउँपालिका वडा नं. २ स्थित वैडामा एउटा उद्योग ग्राम स्थापना गरिनेछ र थप लगानीको लागि संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

४१. गरिवि निवारणका लागि लघु उद्यम कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ । दलित, जनजाती तथा महिलाहरुको सीपमा आधारित उद्योगहरुको विकास गरिनेछ।

४२. विभिन्न प्रकारका घरेलु उद्योगहरुको स्थापना गरी सँचालन तथा व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ । परम्परागत घरेलु उद्योगहरुलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

४३. लामो समयदेखि हुन नसकेको बजार अनुगमनलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

४४. निजि क्षेत्र तथा सहकारीहरु सँगको सहकार्यमा सुपथ मुल्य पसल सँचालन गर्न प्रोत्साहन गरिनेछ ।

४५. राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४६. सार्वजनिक निजी साझेदारी मार्फत परियोजनाहरुको सँचालन र व्यवस्थापन गर्नको लागी आवश्यक तयारी गरिनेछ ।

## सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः

**शैक्षिक विकासः**

४७. सबै विद्यालयहरुमा इन्टरनेटको सुविधा उपलब्ध गराई विद्युतिय शिक्षण सिकाई प्रक्रियालाई सहजीकरण गरिनेछ ।

४८. विद्याथी भर्नादरलाई बढाउने कार्यक्रम संचालन गरिनेछ । विचैमा विद्यालय छोड्ने कारण पहिचान गरी त्यसलाई शुन्यमा झार्ने नीति अवलम्बन गरिनेछ ।

४९. दलित, अपाङ्ग, एकल महिला, गरिव तथा विपन्न नागरिकका छोराछोरीहरुलाई निःशुल्क पठनपाठनको ब्यबस्था मिलाउन विशेष छात्रवृतिको व्यवस्था गरिनेछ।

५०. सुविधायुक्त भौतिक पूर्वाधार भएका विद्यालयहरु बनाउन आवश्यक लगानी गरिनेछ । विद्यार्थीमैत्री शैक्षिक वातावरण सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरिनेछ।

५१. बौदीकाली गाउँपालिका क्षेत्रभित्र एक आँगिक क्याम्पस स्थापना गर्न प्राथमिकता दिईनेछ।

५२. प्राविधिक शिक्षा र व्यवसायिक शिक्षामा जोड दिईनेछ । त्यसका लागि प्राविधिक, बैज्ञानिक, व्यवहारिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने शिक्षालयहरु स्थापना गर्न सामुदायिक तथा निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

५३. आगामी आर्थिक बर्षमा कक्षा १ देखी ५ सम्म लागु गर्ने गरी स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिनेछ ।

५४. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान गरिनेछ । विद्यालय समायोजनलाई निरन्तरता दिईनेछ ।

५५. आधारभुत तहको परिक्षालाई मर्यादित बनाउन परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन कार्यविधिको तर्जुमा गरिनेछ ।

५६. शिक्षक सिकाईको गुणस्तर कायम गर्न विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन गर्ने खालका कार्यक्रमहरुमा जोड दिईनेछ ।

५७. एक वडा एक पुस्तकालय स्थापना गरिनेछ । क्रमशः क्षमता विकास गरिनेछ।

५८. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, आय-व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गरिनेछ ।

५९. विद्यालयहरुको नक्सांकन गरी राष्ट्रिय तथा स्थानीय मापदण्ड अनुरुपको दुरी भित्र आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन गरिनेछ ।

६०. सामुदायिक विद्यालयलाई गरिने पूर्वाधार सहयोगमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री पुर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ । साथै सबै विद्यालयहरुमा सुविधासम्पन्न कम्प्युटर प्रयोगशाला बनाउने नीति लिईनेछ ।

**गैसस परिचालन तथा समन्वयः**

६१. गाउँपालिका र विभिन्न संघ-संस्थाहरुको सहकार्यमा सञ्चालन हुने सबै कार्यक्रमहरुलाई पारदर्शी र जनउत्तरदायी बनाईनेछ । गैरसरकारी संघ सस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ ।

६२. गाउँपालिका क्षेत्रभित्र क्रियाशील सबै गैरसरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतिजामूलक वनाउन र प्रभावकारी परिचालन गर्न गैसस परिचालन नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

**आधारभुत स्वास्थ्य तथा सरसफाई प्रबर्द्धनः**

६३. आगामी आर्थिक बर्षमा १५ शैयाको सुविधासम्पन्न बौदीकाली आधारभुत अस्पताल स्थापना गरिनेछ । अन्य स्वास्थ्य संस्थाहरुको क्षमता विकास गरिनेछ ।

६४. नागरिकलाइ स्वस्थ वनाउन स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुच स्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभुत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाई पुरा गरिनेछ ।

६५. वैकल्पिक उपचार पद्धतीको प्रबर्द्धन गरिनेछ । स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ ।

६६. गाउँपालिकाले संचालन गर्ने गरी कम्तीमा एक वटा एम्बुलेन्सको ब्यबस्थापन गरिनेछ।

६७. प्रजनन स्वास्थ्य, मातृशिशु स्वास्थ्य र परिवार नियोजन सेवालाई प्रभावकारी बनाईनेछ।

६८. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ । त्यसको लागी जनचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

६९. स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रबर्द्धनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

७०. नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रबर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ।

७१. नियमित खोपको प्रबन्ध गरिनेछ ।खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा गर्ने, खोप केन्द्रहरुलाई व्यवस्थित तथा थप निर्माण गर्ने कार्यलाई तीव्रता दिईनेछ ।

७२. विद्यालयहरुसंगको समन्वयमा किशोरकिशोरीहरुलाई दौतरी शिक्षा र यौन शिक्षा सचेतीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

७३. समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ ।कोभिड अस्पतालको क्षमता विकास गरिनेछ । सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

७४. महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आरआरटि लाई तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ ।

७५. क्षयरोग जस्ता रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ ।

७६. म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ । त्यसको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहनको कार्यक्रम लागु गरिनेछ ।

७७. खाद्य सुरक्षा, पोषण तथा सरसफाई क्षेत्रको अभिबृद्धि गरिनेछ । ताजा तथा घरेलु उत्पादनको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

७८. स्वास्थ्य तथा सरसफाईका कार्यक्रमहरुलाई व्यक्तिगत स्वास्थ्य, पारिवारिक स्वास्थ्य, सामुदायिक स्वास्थ्य, प्राथमिक स्वास्थ्य, मानसिक स्वास्थ्य र प्रजनन स्वास्थ्यसंग तादम्यता मिल्ने गरी संचालन गरिनेछ ।

७९. आवश्यक स्थानमा बर्थिङ सेन्टरको स्थापना तथा स्थापित बर्थिङ सेन्टरहरुमा आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्थापन गरिनेछ । आर्थिक वर्ष अगावै स्वास्थ्य कार्यक्रम संचालनका लागि स्वास्थ्य क्यालेण्डर प्रकाशन गरिनेछ ।

८०. राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रमलाई प्रसार प्रसार र विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । विमितहरुको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिनेछ । विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।

८१. स्वास्थ्यका महत्वपुर्ण दिवसहरु म.स्वा.से दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्दको दिवसहरुलाई अवसरको रुपमा मनाइने छ ।

८२. स्वास्थ्य संस्थाहरुमा तथा बर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि उचित वजेट व्यवस्थापन गरिने छ । आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसंग समन्वय गरीनेछ ।

८३. आगामी आव भित्र सुरक्षित रुपमा फोहोर सँकलन, बर्गीकरण, पुनः उपयोग, प्रशोधन, विसर्जनको लागि ल्यान्डफिल्ड साईटको पहिचान, विकास र व्यवस्थापन गरिनेछ । फोहोरमैलाको सेवा शुल्कको निर्धारण गरिनेछ ।

८४. गाउँपालिका भित्रका औषधी पसलहरुको नियमित अनुगमन गरिनेछ । कानुन बमोजिम सँचालन नभएको पाईएमा कानुन अनुसार कारवाही प्रक्रिया तुरुन्त शुरु गरिनेछ ।

**सँस्कृतिः**

८५. अक्षरयात्रा कार्यक्रमको दायरा विस्तार गरी प्रभावकारी रुपमा संचालन गरिनेछ।

८६. बौदीकाली गाउँपालिका भित्र रहेका सोरठी, घाटु, झ्याउरे, कौरा, लाखे जस्ता विभिन्न परम्परागत नाचहरु तथा लोक भजन, यानिमाया र सालैजो जस्ता लोक भाकालाई सँरक्षण तथा प्रबर्द्धन गरिनेछ ।

८७. सबै धर्म, जात, भाषा र समुदायका लोक संस्कृतिहरु तथा अमुर्त साँस्कृतिक सम्पदाहरुको एकीकृत अभिलेख तयार गरी संरक्षण र विकास गरिनेछ ।

८८. स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण,विकास र प्रबर्द्धनमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

८९. आफ्नै पहल तथा सँघ र प्रदेश सरकारसँगको सहकार्यमा संस्कृति संरक्षण र पर्यटन प्रबर्द्धनका लागि फरक पहिचान र विशेषतायुक्त सांस्कृतिक ग्राम र होम स्टे को स्थापना, संचालन र प्रबर्द्धनमा प्रोत्साहन तथा सहयोग गर्ने नीति लिइनेछ।

९०. गाउँपालिकामा एक वटा मगर साँस्कृतिक सँग्रहालय स्थापना गर्ने नीति लिईनेछ।

९१. गाउँपालिका तथा देशको सांस्कृतिक विकासमा उल्लेखनीय योगदान पुर्याउने लेखक, साहित्यकार, गायक, संगितकार तथा कलाकारहरुलाई सम्मान तथा अभिनन्दन गरिनेछ।

९२. शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुर्याउने व्यक्तित्वहरुलाई उपचार र सम्मान गर्ने नीति लिइनेछ ।

९३. सम्पुर्ण जातजाती र प्रचलन अनुसार परम्परागतरुपमा संचालनमा आएका शवदाहस्थल र चिहानहरुको पुर्वाधार विकास गरिनेछ ।

**सामाजिक समावेशीकरणः**

९४. सुकुम्वासी समस्या समाधान आयोगसंगको सहकार्यमा गाउँपालिका भित्र रहेका भूमिहिनहरुको तथ्याँक अद्यावधिक गरि विशेष कार्यक्रम सँचालन गरिनेछ ।

९५. युवा, दलित, महिला, विपन्न, बालबालिका तथा सीमान्तकृत समुदायमा सशक्तिकरणका विशेष लक्षित बर्ग कार्यक्रमहरुलाई परिणाममुखी र ब्यबस्थित रुपमा सँचालन गरिनेछ।

९६. मानवीय मूल्य र मान्यतालाई आत्मसात गरी, सभ्यता र संस्कृतिको प्रबर्द्धन गर्दै, सरल जीवन शैली र पद्धतिको धरातलमा "बौदीकाली: मानवताको केन्द्र" स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९७. महिला हिंसा, छुवाछुत, बालश्रम, बहुविवाह, यौन हिंसा जस्ता सामाजिक अपराधहरुको नियन्त्रणमा प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

९८. महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

९९. एकल तथा दलित महिलाहरुको हित प्रबर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।

१००. सामाजिक सचेतीकरण, सशक्तीकरण, सामाजिक परिचालन, समावेशी र मूल प्रवाहीकरणमा जोड दिइनेछ । विकास आयोजनाको सञ्चालनमा महिलालाई अनिवार्य सहभागी गराउने नीति लिइनेछ ।

१०१. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ।

१०२. गाउँपालिका क्षेत्रभित्रका सवै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिका स्तरमा वालक्लव र वालसंजाल गठन र पुनर्गठन लाई नियमित गरी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

१०३. बालमैत्री स्थानीय तह निर्माणको लागी आवश्यक प्रबन्ध गरिनेछ । बाल अधिकारको सुनिश्चितता कायम गरिनेछ । बालक्लव तथा संजालहरुको क्षमता विकास कार्यक्रम सँचालन गरिनेछ ।

**खेलकुदः**

१०४. एक वडा- एक खेल मैदान- एक प्रतियोगिता को अवधारणा कार्यान्वयन गरिनेछ । वडाहरुमा खेलमैदानको लागी जग्गा पहिचान तथा खेलकुद पूर्वाधार विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१०५. बालबालिकाहरुको शारिरिक तथा मानशिक विकासका लागि विद्यालयस्तरवाट नै खेलकुद विकास गर्न प्रत्येक विद्यालयमा अनिवार्य खेल मैदानको व्यवस्था गरिनेछ ।

१०६. अन्तरपालिकास्तरीय गाउँपालिका अध्यक्ष कप भलिवल प्रतियोगिता संचालन गरिनेछ ।

१०७. बौदीकाली २, राजाको चौपारीस्थित जग्गामा आधुनिक सुविधासम्पन्न रंगशाला निर्माण गरिनेछ ।

१०८. विभिन्न प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने आधिकारिक टोलीलाई प्रोत्साहन गरिनेछ ।

१०९. विभिन्न क्लव, सँघसँस्थाद्धारा विभिन्न समयमा आयोजना हुने मेला महोत्सव तथा खेलकुद प्रतियोगितालाई नियमन गरिनेछ । गाउँपालिकाको अनुमति वेगर सँचालन हुने सबै प्रकारका कार्यक्रमलाई प्रतिवन्ध लगाईनेछ ।

## सामाजिक सुरक्षा तथा स्थानीय शान्ति सुरक्षाः

११०. ८५ बर्ष उमेर नाघेका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप बार्षिक रुपमा चाडपर्व खर्च उपलब्ध गराउने कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

१११. आगामी आर्थिक बर्ष देखी कार्यविधि निर्माण गरी विधुर भत्ता वितरण गरिनेछ ।

११२. अग्रज स्रष्टा सम्मान र उपचार सहयोग कोषको स्थापना गरिनेछ ।

११३. गाउँपालिका प्रहरी सेवा गठन गरी स्थानीय शान्ति तथा सुव्यवस्था कायम गरिनेछ ।

११४. विद्यार्थी संग प्रहरी, युवासँग प्रहरी जस्ता कार्यक्रमहरु जिल्ला प्रहरी कार्यालयसंगको समन्वयमा सँचालन गरिनेछ ।

११५. नरम, ववक र रुचाङ्ग कार्यक्षेत्र रहने गरी प्रहरी चौकी स्थापनाको लागि सम्बन्धित निकायसंग समन्वय गरिनेछ । प्रहरी चौकीको लागि जग्गा पहिचान र प्राप्ती तथा स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

११६. सामाजिक सुरक्षा सम्बन्धी तथ्याङ्कलाई अधिकतम शुद्ध बनाईनेछ । सामाजिक सुरक्षा वितरण पद्दतीलाई सरल बनाईनेछ ।

११७. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिइनेछ ।

११८. बौदीकाली गाउँपालिकालाई हरेक किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्बन गरिनेछ ।

## युवा, रोजगारी तथा गरिवि निवारणः

११९. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन गरिनेछ । नमुना युवा संसद अभ्यासका लागि समन्वय र सहजीकरण गरिनेछ ।

१२०. युवा विकासको लागि नीति सम्बाद कार्यक्रम संचालन गरिनेछ । युवा प्रतिभा पहिचान र प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । साथै युवा परिचालन मार्फत युवा उद्यम कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१२१. युवाहरुलाई स्वरोजगारी तर्फ उन्मुख गराउन व्यवसाय शुरुवात अनुदान दिने ब्यबस्था गरिनेछ । ज्ञान, सीप हस्तान्तरण प्रक्रियालाई सहजीकरण गरिनेछ।

१२२. अनौपचारिक क्षेत्रका श्रमिक कामदारहरुको पञ्जीकरण गरिनेछ । तथ्यांक व्यवस्थित गरी निजहरुको हित प्रबर्द्धन हुने कार्यक्रमहरु संचालन गरिनेछ ।

१२३. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि नतिजामुखी बनाईनेछ।

१२४. औद्योगिक, आर्थिक, सामाजिक विकासका लागि दक्ष जनशक्ति तयार गर्न विभिन्न सीपमूलक तालिम संचालनमा व्यावसायिक तालिम केन्द्रहरुसंगको सहकार्यलाई प्राथमिकता दिइनेछ ।

१२५. गाउँपालिका भित्रका युवावर्गलाई सीपूमलक तालिम दिई स्वरोजगारीताको सृजना गरिनेछ । स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय गाउँपालिकावासीहरुले रोजगारी पाउने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

१२६. परम्परागत पेशा, सीप र प्रविधिमा आधारित व्यवसायलाई समावेशीकरण र आधुनिकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

## पुर्वाधार तथा भौतिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः

### सुचना तथा सँचारः

१२७. नेपाल टेलिकमसँगको समन्वयमा अप्टिकल फाईवर विस्तार तथा ल्याण्डलाईन टेलिफोन विस्तारलाई प्राथमिकता दिईनेछ ।

१२८. ईन्टरनेट प्रदायक संस्थाहरुको सेवामा गुणस्तरीयता कायम गर्न अन्तरक्रिया, समन्वय तथा प्रोत्साहन गरिनेछ ।

१२९. १०० वाट सम्मका एफएम रेडियो सँचालन, अनुमति, नविकरण, नियमन र खारेजी सम्बन्धी कार्य गर्नको लागि कानुनको तर्जुमा गरिनेछ । प्रदेश कानुनको अधिनमा रही एफएम सँचालन सम्बन्धि अन्य कार्यहरु गरिनेछ ।

१३०. बौदीकाली क्षेत्रको पहिचान सञ्चार/पत्रकारिताको माध्यमवाट समेत गराउन यसको गरिमालाई अझ बढी उचो बनाउन, आर्थिक सामाजिक र पूर्वाधार समेतका समग्र विकास अभियानलाई अझ बढी योगदान दिन प्रोत्साहित गर्ने उद्देश्यले सञ्चारकर्मी/सञ्चार माध्यमको क्षमता विकास सम्बन्धी कार्यक्रम सँचालन गरिनेछ। साथै गाउँपालिकाको समृद्धि तर्फको यात्रामा सहयोग गर्ने पत्रकार/ सँचारकर्मी/सञ्चार माध्यमलाई थप प्रोत्साहित गर्नको लागि बौदीकाली पत्रकारिता पुरस्कार लाई निरन्तरता दिईनेछ ।

**स्थानीयस्तरका आयोजना संचालनः**

१३१. आगामी आर्थिक बर्षमा सँचालन हुने प्राविधिक रुपले सम्भावित सबै आयोजनाहरुमा कम्तीमा ६० प्रतिशत structure को काम अनिवार्य गर्नुपर्ने व्यवस्थालाई अनिवार्य लागु गरिनेछ । अन्यथा बजेट तथा कार्यक्रम कार्यान्वयन नै नगर्ने नीति लिईनेछ ।

१३२. पचास लाख भन्दा बढीको लागत अनुमान भएका योजनाहरु खुल्ला बोलपत्र आव्हान मार्फत गर्ने व्यवस्था गरिनेछ ।

१३३. विषयक्षेत्रगत योजना तथा परियोजना तर्जुमा, प्राथमिकिकरण, सँचालन र व्यवस्थापनमा सक्रिय जनसहभागिता जुटाईने छ । सबै भाषा, बर्ग, क्षेत्र, लिङ्ग र भूगोलको अर्थपूर्ण सहभागीता सुनिश्चित गरिनेछ ।

१३४. प्रत्येक योजनाको प्रभाव मुल्याङ्कन गरि लगानीको अनुपातमा उपलब्धी मुल्यांकन गर्ने नीति अपनाईनेछ ।

१३५. सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन गरिनेछ ।

१३६. सरकारी भवन, विद्यालय भवन, सभागृहको निर्माणमा जोड दिईनेछ ।

१३७. संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, सहजीकरण र सहयोग आदानप्रदान गरिनेछ ।

१३८. सुरक्षित नागरिक आवास कार्यक्रम लागु गरिनेछ ।

१३९. पर्यटन क्षेत्रको विकास, विस्तार र प्रर्बद्धन गर्ने खालका योजनाहरु सँचालनलाई प्राथमिकता दिईनेछ ।

१४०. भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।

१४१. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ

।जसको लागि गाउँपालिकाको समन्वय र सहकार्यमा "उपभोक्ताको जिम्मा" अभियानलाई निरन्तरता दिईनेछ ।

१४२. उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति र वडा समितिलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

१४३. गाउँपालिकाको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सृजना गर्ने, स्थानीय श्रोत साधनको अतिकतम प्रयोग गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई गरिवि न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक र भौगोलिक विभेद कम गर्दै जाने नीति लिइनेछ ।

१४४. विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिनेछ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको वर्तमान अवस्था, आन्तरिक आयमा योगदान, विगतमा योजनाहरुको कार्यान्वयनको अवस्था, सामुदायिक अग्रसरता, गाउँपालिकाको निर्देशनको पालना जस्ता सूचकका आधारमा वडामा श्रोत साधनको बाँडफाँड गर्ने नीति अवलम्बन गरिनेछ ।

१४५. स्थानीय योजनाहरुको छनौट र प्राथमिकिकरणलाई बैज्ञानिक बनाउन, आवश्यक नीतिगत सुझावहरु दिन बौदीकाली गाउँपालिकाका उपाध्यक्षको नेतृत्वमा बौदीकाली गाउँपालिका क्षेत्रभित्रका बौद्धिक ब्यक्तित्वहरु, समाजसेवी ब्यक्तिहरु, राजनीतिक दलका प्रतिनीधिहरु समेतलाई समावेश गरी चालु आर्थिक

बर्षमा परिकल्पना गरिएको “बौदीकाली योजना उच्चस्तरीय समिति” को गठन र परिचालन गरिनेछ ।

**विद्युत र उर्जाः**

१४६. गाउँपालिका भित्रका सबै वडाहरुमा केन्द्रिय प्रशारण लाईनको विद्युत पुर्याउने व्यवस्था गरिनेछ । त्यसका लागि आवश्यक पहल र समन्वय गरिनेछ।

१४७. निर्माण भई सँचालनमा रहेका साना जलविद्युतहरुको मर्मत सँभार र क्षमता विस्तार गरिनेछ ।

१४८. एक मेगावाट सम्मका जलविद्युत आयोजनाहरुको सँचालन र व्यवस्थापन सम्बन्धी नीति, कानुन तथा अन्य कानुनी पुर्वाधारको विकास गरिनेछ । लगानीको लागी निजी क्षेत्रलाई स्वागत गर्ने नीति लिईनेछ ।

१४९. स्थानीय बिद्युत उत्पादन तथा वितरण प्रणाली र विद्युत सेवाको व्यवस्थापन, सँचालन, अनुगमन तथा नियमन गरिनेछ ।

१५०. गाउँपालिकामा बैकल्पिक उर्जा सम्बन्धी प्रविधिको विकास र प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिईनेछ ।

१५१. बैकल्पिक उर्जा तथा नविकरणिय उर्जाको क्षेत्रका पर्याप्त लगानी गर्ने नीति लिईनेछ । सौर्य उर्जा, बायु उर्जा, गोवरग्यासको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१५२. स्थनीय स्तरमा उत्पादित विद्युतलाई राष्ट्रिय प्रशारणसँग आवद्ध गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।

**सिंचाईः**

१५३. गाउँपालिका क्षेत्रभित्रका सिँचाईका मुख्य श्रोतहरु तथा जलाधार क्षेत्रको विस्तृत नक्साङकन गरीनेछ । मुख्य खोला र तिनका जलाधार क्षेत्रहरुको इन्भेन्ट्री प्रोफाईल तयार गरिनेछ ।

१५४. मुहान संरक्षण तथा जलाधार संरक्षणको लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१५५. प्रत्येक वडामा ठुलो सिँचाई प्रणालीको विकास गर्नको लागी विस्तृत परियोजना प्रस्ताव तयार गरिनेछ ।

**खानेपानीः**

१५६. गाउँपालिका क्षेत्रको खानेपानीलाई सुरक्षित, स्वस्थ्य र भरपर्दो बनाउन "एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना" र विस्तृत डिपिआर तयार गरी कार्यान्वयन गरिनेछ ।

१५७. खानेपानीको मुहान, सीमसार तथा जलाधार क्षेत्रको सँरक्षण गर्ने नीति लिईनेछ । गाउँपालिका स्तरीय जलश्रोत समिति गठन गरी सक्रिय र प्रभावकारी बनाईनेछ ।

१५८. बाहखोला बृहत खानेपानी र रुचाङ्ग वृहत खानेपानी आयोजना संचालन गरिनेछ । क्रमशः अन्य वडाहरुमा बृहत खानेपानी आयोजनाहरुको विस्तार गरिनेछ ।

१५९.  प्राविधिक सम्भाव्यता र आवश्यकताको आधारमा लिफ्टिङ खानेपानी र डिप बोरिङ खानेपानी प्रविधिको प्रयोग गरिनेछ ।

**सडकः**

१६०.  गाउँपालिका चक्रपथ निर्माणको कार्यलाई निरन्तरता दिईनेछ । आगामी आर्थिक बर्ष देखी कालोपत्रे गर्ने कार्य शुरु गरिनेछ ।

१६१.  माईतीघाट- डाँडाथर-चारघरे मोटरवाटो, भुलाड-खहरे-रिव्दी मोटरबाटो, सिउनदेखी- खैरेनीटार मोटरवाटो, बौदीखोला देखी कुवाकोट मोटरवाटो, शेरा देखी नगरडाँडा हुदै ल्हापे मोटरबाटो, सोतीपलक देखी चापा भन्ज्याङ जोड्ने मोटरबाटोहरुको स्तरोन्नतीको कार्य गरिनेछ । त्यसको लागी संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१६२.  नयाँ ट्र्याक खन्ने कार्यलाई न्युनीकरण गरिनेछ । नयाँ सडक निर्माण गर्नै पर्ने अवस्थामा सडकको पहुँच नपुगेको वस्तीलाई प्राथमिकता दिईनेछ ।

१६३.  गाउँपालिका भित्र निर्माण तथा स्तरोन्नती र मर्मत गरिने सबै सडकहरुको झुकाव बढीमा १२ प्रतिशत हुने गरी निर्माण गर्ने व्यबस्थालाई अनिवार्य गरिएको छ ।

१६४.  सडक निर्माणको कार्य गर्दा कम्तीमा ६० प्रतिशत structure जस्तै वाल, नाली, ग्रावेल आदीको कार्य अनिवार्य गरिनेछ ।

## शहरी विकास तथा अन्य पूर्वाधार निर्माणः

१६५. राष्ट्रिय भवन सँहिता तथा मापदण्ड, स्थानीय भवन निर्माण र सडकको आधारभुत मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६६. न्युनतम सुविधा सहितको वसपार्क निर्माण गर्नको लागि जग्गाको पहिचान भईसकेको छ, थप जग्गा प्राप्ति र संभाव्यता अध्ययन सहित कार्यान्वयन प्रक्रिया अघि बढाईनेछ ।

१६७. बौदीकाली गाउँपालिका क्षेत्रका संम्पूर्ण सडकहरुलाई समेटने गरी बौदीकाली यातायात गुरुयोजना लाई कार्यान्वयनमा ल्याईनेछ । विवरण अद्यावधिक गरिनेछ ।

१६८. "एक घर-दश फलफुल विरुवा" कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

१६९. सम्पूर्ण सामुदायिक, कबुलियती र राष्ट्रिय बन क्षेत्रको वर्तमान अवस्था र सो को संरक्षण, विकास र ब्यवस्थापन तथा सडक किनारामा बृक्षारोपण सम्बन्धमा अध्ययन सहित हरियाली सडक कार्यक्रम संचालन गरिनेछ ।

१७०. एकीकृत बौदीकाली विकास गुरुयोजना निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१७१. घाट तथा शवदाह स्थलहरुलाई व्यवस्थित गरिनेछ । प्रत्येक वडाहरुमा सुरक्षित शवदाह स्थलहरु निर्माण गर्न प्राथमिकता दिईनेछ ।

१७२. सम्पूर्ण वडा कार्यालयहरुलाई वडा सेवा केन्द्रका रुपमा विकास गर्न तथा वडा कार्यालयमार्फत गरिने कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्नका निम्ति आवश्यक पूर्वाधार निर्माण कार्य अघि बढाईनेछ।

१७३. बौदीकाली गाउँपालिकाको पच्चिस बर्षे दीर्घकालिन सोच सहितको पञ्चवर्षिय आवधिक विकास योजना तयारी गरी कार्यान्वयनमा ल्याईनेछ ।

१७४. विभिन्न विषयगत क्षेत्रको विकास अवधारणा सम्वन्धी अध्ययन सहित क्षेत्रगत विकास रणनीतिपत्र तयार गरिने छ ।

१७५. पूर्वाधार विकासका लागि जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गरिनेछ ।

१७६. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री हुने नीति लिइनेछ।

१७७. GIS प्रविधिमा आधारित घर नम्वरिङ प्रणाली शुरुवात गरिनेछ ।

१७८. सडक तथा पुल मर्मत संभार कोष स्थापना गरी त्यसको परिचालन गर्न निर्देशिका वनाई लागू गरिनेछ ।

१७९. सडक तथा अन्य पुर्वाधार निर्माण उपभोक्ता समिति मार्फत गर्दा नगदै लागत सहभागिता जुटाउनु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ । अन्यथा उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गरिने छैन ।

१८०. सबै प्रकारका कार्यक्रमहरुमा आवश्यकता अनुसार श्रमदान वा लागत सहभागितालाई कम्तिमा १० प्रतिशत कायम गरिनेछ ।

१८१. पचास लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरु DPR गरि त्यसैको आधारमा सँचालन र व्यवस्थापन हुने नीति लिईनेछ ।

१८२. गाउँपालिका भित्र भवन लगायतका सँरचना निर्माण गर्दा "बौदीकाली गाउँपालिकाको आवास, वस्ती विकास, शहरी पुर्वाधार तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७८" को निर्माण तथा कार्यान्वयन गरिनेछ । मापदण्डको अनिवार्य पालना गर्दै नक्सापास गर्ने कार्यलाई अनिवार्य गरिएको छ । उक्त मापदण्डको पालना नभएमा आधारभुत सिफारिस समेतका कार्यहरु रोक्का राखिनेछ ।

१८३. कालिगण्डकी करिडोर, प्रदेश स्तरीय सडक र रणनैतिक सडकहरुमा लगानीमा दोहोरोपन नआउने गरी स्तरोन्नतीको लागी सम्बन्धित तह र निकायहरुसँग समन्वय गरिनेछ । त्यस्ता कार्यहरुमा गाउँपालिकाकको प्राथमिकताका योजनाहरु समावेश गरिनेछ ।

१८४. बौदीकाली ४, व्याघन देखी सुस्ता जोड्ने प्रस्तावित सुरुङ मार्गको निर्माणको लागी सम्बन्धित तहसंग पहल र सहकार्य गरिनेछ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरुः

### वातावरण/प्राकृतिक श्रोत सँरक्षण र जैविक विविधताः

१८५. वैकल्पिक तथा नविकरणिय उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१८६. वायु प्रदुषण कम गर्न ईट्टा, क्रशर तथा अन्य उद्योगहरुको सँचालन मापदण्ड तोकी कार्यान्वयन गरिनेछ । त्यस्ता उद्योगहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत मुख्य सडक खण्डको दाँया वायाँ वृक्षारोपण गर्नुपर्नेछ ।

१८७. विकास निर्माणका ठुला आयोजनाहरु संचालन गर्दा, खानी उत्खनन, ढुङ्गा गिट्टी, वालुवा उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरशः पालना गरिनेछ ।

१८८. स्थानीय स्तरमा वातावरणीय जोखिम न्युनीकरणको लागि दीर्घकालिन योजना र कार्ययोजना बनाईनेछ ।

१८९. स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमका उपभोग्य बस्तुहरुको विक्रि वितरणलाई नियन्त्रण गरिनेछ ।

१९०. वातावरण र विकासलाई सँगसँगै लैजानको लागि बायो ईन्जिनियरिङ पद्धतिलाई आत्मसात गरिनेछ ।

१९१. औषधीय गुण भएका जडिबुटिहरुको संरक्षण तथा प्रबर्द्धन गरिनेछ ।

१९२. वडा तहमा सामुदायिक कम्पोष्ट प्लान्टको अवधारणालाई अगाडी बढाउन प्रोत्साहन गरिनेछ।

१९३. गाउँपालिका क्षेत्रमा रहेका विभिन्न खानीहरुको उत्खनन, अन्वेशण, उत्पादन, ढुवानी तथा विक्री वितरणलाई नियमित गर्न कार्यविधि निर्माण गरिनेछ । यसको पुर्वाधार विकासको लागि सँघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

१९४. गाउँपालिका भित्रका नदी र नदीजन्य पदार्थको संकलन, उत्खनन तथा विक्री वितरणलाई व्यवस्थित गरिनेछ । IEE प्रतिवेदनको पुर्ण कार्यान्वयन गरिनेछ।

**वन, जलाधार सँरक्षण तथा भूसंरक्षणः**

१९५. वन उपभोक्ता समुहहरुको अभिमुखिकरणका लागि तालिम संचालन गरिनेछ।

१९६. सार्वजनिक जग्गाको सरंक्षण वडा समिति र समुदायको सहभागितामा गरिनेछ ।

१९७. वन क्षेत्रलाई अनियन्त्रित डढेलो, अतिक्रमण, चरिचरण र चोरी निकासीबाट प्रभावकारी ढंगले संरक्षण गर्न उपभोक्ताहरुलाई परिचालन गरिनेछ ।

१९८. लालीगुरांश क्षेत्र संरक्षण तथा घोरल संरक्षण कार्यक्रम संचालन गरिनेछ ।मृग, घोरल, चितुवा लगायत गाउँपालिकाभित्र पाईने बन्यजन्तुहरुको संरक्षण गर्ने कार्य गरिनेछ ।

१९९. अम्रिसो खेतीलाई प्रोत्साहन गरिनेछ । अम्रिसो प्रशोधन केन्द्र स्थापनाको लागी पहल गरिनेछ । नमुना बृक्षारोपण कार्यक्रम सँचालन गरिनेछ ।

२००. सामुदायिक वन उपभोक्ता समितिहरुसंग सहकार्य गरी सामुदायिक वन मार्फत् स्थानीयहरुको आयआर्जन बढाउन वन तथा वन पैदावारमा आधारित उद्यमशिलता विकाश तथा उद्योग व्यवसाय संचालन, जडिवुटि एवं फलफुल खेती र प्रशोधन कार्यलाई प्रोत्साहन गरिनेछ ।

२०१.	सम्पुर्ण पानीका मुहानहरु, जलाधार क्षेत्र, सीमसार क्षेत्र तथा पहिरो र पहिरो संवेदनशील क्षेत्रहरुको नक्साङकन गरिनेछ ।

२०२.	प्रत्येक वडामा कम्तीमा १ वटा रिचार्ज पोखरी निर्माण गरिनेछ ।

**फोहोरमैला व्यवस्थापनः**

२०३.	जैविक र अजैविक फोहरलाई उत्पादन तहदेखि नै वर्गिकरण गरी छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

२०४.	मुख्य मुख्य सार्वजनिक स्थलहरुमा फोहोर फ्याक्न डस्टविन वा फोहर खाल्डोको ब्यबस्था गरिनेछ ।

२०५.	पानीको मुहान, सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कारवाही गरिनेछ । फोहरमैला व्यवस्थापनमा जनता-गाउँपालिकाको साझेदारी अवधारणा शुरुवात गरिनेछ ।

२०६.	सरसफाई र फोहर व्यवस्थापनलाई व्यवस्थित वनाउन टोलटोलमा टोल विकास सँस्था गठन/परिचालन गरिनेछ । अनुगमनको लागि टोल विकास सँस्थाहरुका पदाधिकारी मध्येवाट एक अनुगमन समिति बनाईनेछ साथै त्यसको प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।

२०७.	फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक निजी साझेदारी, समुदायमा आधारित, सशुल्क फोहर व्यवस्थापनको नीतिलाई शुरुवात दिंदै वडागत रुपमा एकीकृत व्यवस्थापन गर्ने गरी व्यवस्था मिलाईनेछ ।

२०८. व्यवस्थित ल्याण्डपफिल्ड साईटको लागि जग्गा पहिचान, खरिद तथा निर्माण व्यवस्थापन गरिनेछ ।

**जलउत्पन्न प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापनः**

२०९. हालै भएको निरन्तर बर्षाको कारणवाट क्षती भएका सडक, पुल तथा अन्य पूर्वाधारहरुको पुननिर्माण र मर्मतसम्भारलाई प्राथमिकता दिईनेछ ।

२१०. स्थानीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी बनाउदै विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनिकरण तयारीको कार्य गरिनेछ । विपद न्यूनिकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न प्राविधिक अध्ययन गरिनेछ ।

२११. समुदाय तथा विद्यालयहरुमा विपद् सामना गर्न नियमित तालिम र जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२१२. गाउँपालिकामा स्थापना भएको “विपद् व्यवस्थापन आकस्मिक कोष” लाई निरन्तरता दिईनेछ ।

२१३. विपद व्यवस्थापनको लागी खुला क्षेत्रहरुको पहिचान गरिनेछ । कम्तीमा १ वटा १०० व्यक्ति क्षमताको सार्वजनिक भवन निर्माण गरिनेछ ।

२१४. प्रकोप संवेदनशिलताको आधारमा भू-उपयोग योजना तयार गरिनेछ ।

२१५.	विपद्को अवस्थामा खोज तथा उद्धारको लागि विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न सरकारी एवं गैह्र सरकारी निकायहरुसंग समन्वय गरी स्वयंसेवक र उद्धार राहत सामाग्रीहरुको भण्डारण र पूर्व तयारीको व्यवस्था मिलाइनेछ ।

## <u>सँस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरुः</u>

### गाउँपालिका प्रहरीः

२१६.	गाउँपालिकाको सम्पत्ति तथा अन्य सरकारी सम्पत्तीको सुरक्षा र संरक्षण, स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा, स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन, सरसफाई, न्यायिक समितिको निर्णय कार्यान्वयन, सरकारी जग्गा र सम्पत्तिको संरक्षण, विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना, छाडा पशु चौपायाको नियन्त्रण जस्ता क्षेत्रहरुमा परिचालन गर्न आगामी आर्थिक बर्षमा गाउँपालिका प्रहरीको गठन, सँचालन र व्यवस्थापन गर्न आवश्यक तयारी गरिनेछ । गाउँपालिका प्रहरी सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण र कार्यान्वयन गरिनेछ ।

### स्थानीय सेवाको व्यवस्थापन तथा मानव सँसाधन विकासः

२१७.	स्थानीय सेवाको व्यवस्थापन सम्बन्धि नीति मापदण्ड, सेवा शर्तको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

२१८. सँविधानको धारा ३०२ को उपधारा २ बमोजिम समायोजन भएका कर्मचारीहरुको व्यवस्थापन, उपयोग, सम्भार र समन्वयको लागि प्रभावकारी व्यवस्था गरिनेछ ।

२१९. कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन लागु गरिएको “बैज्ञानिक प्रोत्साहन प्रणाली”लाई निरन्तरता दिईनेछ ।

२२०. सबै कर्मचारीहरुलाई सेवा जीवनको सुरक्षाको प्रत्याभुती दिन सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

२२१. कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनेछ ।

२२२. संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग र कर्तव्य पालनाका लागि आवश्यक मानव श्रोतको वैज्ञानिक र तथ्यपरक विश्लेषण गरी संगठन अध्ययन गरी संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने नीति लिइने छ ।

२२३. कर्मचारीहरुको क्षमता विकासको लागि तालिम संचालन गरिनेछ ।

**सँस्थागत क्षमता विकासः**

२२४. संघीय सरकार, प्रदेश सरकार, जिल्ला स्थित विभिन्न कार्यालय, विषयगत शाखाहरु तथा वडा कार्यालयहरु बीच सहकार्य र सौहार्दता कायम गरी बस्तु, सेवा तथा विकास आयोजनाहरुलाई समन्वयात्मक परिपूरण र परिपोषण गरिनेछ।

२२५. गाउँपालिकाको सिमानाको बैज्ञानिक नापजाँच गराईनेछ । निरन्दीखोला वरिको भू-भाग बौदीकाली गाउँपालिकामा समावेश गर्न संघीय सरकार समक्ष पेश गरिनेछ ।

२२६. सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि आचार संहितको तयार गरी कठोरतापुर्वक कार्यान्वयन गरिनेछ।

२२७. सार्वजनिक सेवा तथा सेवा प्रवाहमा गुणस्तरीयता, मितव्ययीता र प्रभावकारीता अभिबृद्धि गरिनेछ । सेवा प्रवाह प्रक्रियामा सरलीकरण र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गरिनेछ ।

२२८. जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि गर्न प्रविधिमैत्री तालिम प्रदान गरिनेछ ।

२२९. जनताको राय सुझाव ग्रहण गर्न, गुनासो सुन्न र जवाफदेहिता वहन गर्नका लागि गाउँपालिकासंग बौदीकालीबासी सर्वसाधारणहरुको सोझो सम्पर्कको उपयुक्त सरल संयन्त्रको विकास गरिनेछ ।

२३०. सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याइनेछ ।जसका लागि अभिलेख व्यवस्थापनको अवस्था, राजश्व सँकलन र दाखिला, विवादहरुको निरुपणमा कार्यकुशलताको प्रयोग, जनप्रतिनिधि-जनता विचको सम्बन्ध जस्ता सुचकहरु प्रयोग गरिनेछ ।

२३१. गाउँपालिकाको कार्य प्रणालीलाई सुरक्षित, पारदर्शि र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमशः CCTV र ईन्ट्रानेट प्रणालीमा आवद्ध गरिनेछ । वडास्तरवाट संकलन हुने राजश्वलाई Intranet Computer System

को माध्यमवाट गाउँपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराउने कार्यको शुरुवात गरिनेछ ।

२३२. अनलाईन व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप ब्यबस्थित बनाईनेछ ।

२३३. गाउँपालिका वा मातहतका कार्यालयलाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता दिइनेछ ।

२३४. कार्यालयमा भएका साधन मेशिन उपकरणहरुको समयमानै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र स्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिइनेछ ।

२३५. गाउँपालिका र वडा कार्यालयबाट समेत आयोजना हुने सभा, बैठकलाई मितव्ययी र छरितो बनाईनेछ ।

**राजश्व परिचालन, श्रोत अभिबृद्धि र व्यवस्थापनः**

२३६. कोभिड १९ को महामारीको कारण आएको संकटको कारण आगामी आर्थिक बर्षमा कुनै पनि करका दरहरुमा बृद्धि नगर्ने नीति अवलम्बन गरिनेछ । अधिकारक्षेत्रभित्रका करका दायराहरु विस्तार गरिनेछ ।

२३७. प्रत्येक बर्ष भाद्र १ देखी ७ सम्म कर जागरण कार्यक्रम संचालन गर्ने तथा राजश्व संकलन कार्यलाई ब्यवस्थित गरी वडा कार्यालयहरु बाटै कर, शुल्क दस्तुर सँकलन गर्ने व्यवस्था मिलाईने छ ।

२३८. वार्षिक पेशा व्यवसाय कर र घर बहाल कर असुली कार्यलाई थप प्रभावकारी वनाउन वडा समिति र टोल विकास संस्थाहरुलाई परिचालन तथा जिम्मेवार वनाउने नीति लिईने छ ।

२३९. अपाङ्ग, असहाय, अशक्त, दैवी प्रकोप पीडित, द्वन्द्व पीडित, जेष्ठ नागरिकहरुलाई वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयवाट गरिने सिफारिसहरु कानुन बमोजिमको प्रक्रिया पुरा गरी निःशुल्क गर्ने व्यवस्था मिलाईनेछ ।

२४०. श्रोत परिचालन र व्यवस्थापनमा बौदीकाली गाउँपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपण समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गरिनेछ ।

२४१. कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले आफुले बुझाउनु पर्ने सम्पत्ति कर, व्यवसाय कर र बहाल कर चुक्ता गरी त्यसको प्रमाणित कागजात सँलग्न राख्नुपर्ने कार्यलाई अनिवार्य गरिनेछ । सो योजनाबाट लाभान्वित उपोक्ताहरुलाई त्यस्ता कर शुल्क तिर्न प्रोत्साहित गरिनेछ ।

२४२. सँघीय तथा प्रादेशिक कानुनको अधीनमा रही सम्पत्ती कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क तथा दस्तुर, व्यवसाय कर, मालपोत, मनोरञ्जन करलाई थप बैज्ञानिक बनाईनेछ ।

२४३. ढुङ्गा, गिटी, वालुवा, माटो, स्लेट ढुङ्गा आदी प्राकृतिक तथा खानीजन्य बस्तुको विक्रि तथा निकासीलाई ब्यबस्थित गरिनेछ ।

२४४. आर्थिक बर्ष २०७८/७९ देखी अनिवार्य रुपमा सम्पत्ति कर प्रणाली लागु गरिनेछ ।

२४५. बौदीकाली गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने राजश्व, रोयल्टी, सेवा शुल्क वा दस्तुर तोकिएको समयमा नबुझाउने जुनसुकै ब्यक्ति/सँस्था/निर्माण व्यवसायीहरुलाई कालोसुचीमा राखी कानुन अनुसार कारवाही गरिनेछ ।

**वित्तिय पारदर्शिता र उत्तरदायित्वः**

२४६. चालु आर्थिक बर्षमा तय भएको सार्वजनिक सुनुवाई कार्यक्रम कोभिड १९ को महामारीको कारण रोकिए पनि सार्वजनिक सेवाको गुणस्तर, कार्य शैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ सार्वजनिक परिक्षण जस्ता विधि तथा औजारहरुको पुर्ण प्रयोग गर्ने नीति लिइनेछ ।

२४७. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडाक्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ ।

२४८. गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोध गाउँपालिका वासीहरुलाई मोवाइल एप्स मार्फत् हात हातमा उपलव्ध गराउने र

बौदीकालीवासीहरुको सुझाव सल्लाह ग्रहण गरी नागरिकको अभिमतलाई सम्मान गर्न मोवाइल एप्सको विकास र प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

२४९. कार्यालयका सवारी साधन र अफिस उपकरण तथा सार्वजनिक सम्पत्तिको मितव्ययी ढंगवाट परिचालन गरिनेछ । सवारी साधनहरुको परिचालन मितव्ययी र व्यवस्थित वनाउन सवारी साधन चलानी गर्नुपर्ने ब्यबस्था गरिनेछ । पदाधिकारी र कर्मचारीहरुलाई उपलव्ध गराइने सवारी साधन परिचालनलाई व्यवस्थित वनाइनेछ । सवारी पाशलाई अनिवार्य गराईनेछ । यसको अनुगमनको लागि जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरीसँग सहकार्य गरिनेछ ।

२५०. आन्तरिक लेखा परीक्षण पद्धतिलाई प्रभावकारी वनाइने छ। वेरुजू हुन नदिने र रीतपूर्वकको फर्छ्यौट कार्यलाई व्यवस्थित गरिनेछ । असुल गर्नुपर्ने बेरुजु कठोरतापुर्वक असुल उपर गरिनेछ।

२५१. गाउँपालिकावाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई वढि प्रतिस्पर्धात्मक वनाउन सार्वजनिक खरिद ऐन बमोजिम विद्युतीय प्रणाली अवलम्बन गरिनेछ ।

**ईलाका प्रशासन कार्यालय, मालपोत तथा नापी कार्यालयको स्थापनाः**

२५२. नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गर्नको लागी आर्थिक बर्ष २०७८/७९ भित्र गाउँपालिका भित्र मालपोत सेवा केन्द्र तथा नापी कार्यालय स्थापना गर्नको लागि संघीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ

। त्यसै गरी इलाका प्रशासन कार्यालयको स्थापनाको लागी जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय तथा सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरिनेछ।

**नागरिक सन्तुष्टि सर्वेक्षणः**

२५३. गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय तथा सबै विषयगत शाखाहरुले प्रवाह गरेको सार्वजनिक सेवावाट जनताका चाहना र आवश्यकताहरुको परिपुर्ती भए नभएको बारे कम्तीमा बर्षमा १ पटक नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## अन्य क्षेत्रगत नीति तथा कार्यक्रमहरुः

**न्यायिक समितिको क्षमता विकास र मध्यस्थता व्यवस्थापनः**

२५४. न्यायिक समितिको क्षमता विकास गरी न्याय सम्पादनलाई छिटो र प्रभावकारी बनाउने नीति अवलम्बन गरिने छ । न्यायिक समितिको निर्णय कार्यान्वयनको लागी उपयुक्त संयन्त्रको निर्माण गरिनेछ ।

२५५. न्यायिक समिति र मध्यस्थता सम्बन्धि सीप तालिम र ज्ञान अभिबृद्धि सम्बन्धि कार्यक्रमहरु सँचालन गरिने छ ।

२५६. न्यायीक समितिको लागि व्यवस्थित ईजलास र सचिवालयको निर्माणलाई प्राथमिकता दिईनेछ ।

**स्थानीय बजार व्यवस्थापनः**

२५७. स्थानीय ब्यापार, वस्तुको माग र आपुर्तीको अनुगमन, उपभोक्ता अधिका र हित प्रर्बद्धन गर्न बजार तथा हाट बजारको व्यवस्थापन गरिनेछ ।

२५८. स्थानीय बस्तुहरुको उत्पादन, आपुर्ती तथा निकासी प्रक्षेपण गरी मुल्य निर्धारण गरिनेछ । स्थानीय बजार व्यवस्थापनको लागि उद्योग बाणिज्य सँघ/सँस्थाहरुसँग सहकार्यमा काम गरिनेछ ।

२५९. स्थानीय बस्तु तथा सेवा ब्यापारको मुल्य तथा गुणस्तरको अनुगमनलाई प्रभावकारी बनाईनेछ। स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन प्रभावकारी बनाईनेछ ।

२६०. निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी स्थानीय बजार प्रर्बद्धन, सहजीकरण र नियमन गरिनेछ ।

**स्थानीय तथ्याङ्क र अभिलेख संङ्कलन/व्यवस्थापनः**

२६१. गाउँपालिका क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सँकलनलाई बैज्ञानिक बनाई विकासका हरेक क्षेत्रमा आवद्ध गरिनेछ । आगामी बर्ष अद्यावधिकको कार्य गरिनेछ।

२६२. ब्यक्तिगत घटना दर्ताको अभिलेख तथा पञ्जीकरण व्यवस्थापनलाई विद्युतिय प्रणालीमा आवद्ध गरिएको छ । त्यसलाई थप प्रभावकारी बनाईनेछ ।

२६३. नेपाल सरकार तथा विश्व बैंक वीच भएको ऋण सम्झौता बमोजिम लागु भएको गाउँपालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सँचालनलाई निरन्तरता दिईनेछ ।

**उपभोक्ता समितिको परिचालन तथा अनुगमनः**

२६४. उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनको लागि उपभोक्ता समितिको गठन, परिचालन र कार्यान्वयनको लागी समयतालिका निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२६५. कावु भित्रको परिस्थितिमा पनि सम्झौता बमोजिम कार्य सम्पन्न नगर्ने, सरकारी सम्पत्तिको हानि नोक्सानी वा दुरुपयोग गर्ने उपभोक्ता समितिहरुलाई कालोसुचीमा राखिनेछ ।

**कोभिड १९ लगायतका महामारीको ब्यबस्थापनः**

२६६. कोभिड १९ को विश्वव्यापी संक्रमणको कारणवाट उत्पन्न असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्युनीकरण गर्दै जनजीवन नियमित गर्ने विषयलाई प्राथमिकता दिईनेछ ।

२६७. कोभिड अस्थायी अस्पतालको लागी आवश्यक औजार उपकरण र जनशक्तिको ब्यबस्थापन गरिनेछ ।

२६८. महामारीको यस विषम परिस्थितिलाई सम्बोधन गर्न गाउँपालिकाले प्राथमिकता परिवर्तन गरी सामाजिक विकास तथा स्वास्थ्य र सरसफाई जस्ता क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

२६९. हाल अभ्यासमा रहेको योजना तर्जुमा विधि र प्रक्रिया अनुरुप गाउँटोल भेलाको आयोजना गर्न स्वास्थ्यका दृष्टिकोणले जोखिमपुर्ण हुने भएकोले नागरिक सहभागिताका वैकल्पिक विधिहरु प्रयोग गर्न जोड दिईनेछ ।

२७०. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने योजना छनौटमा प्राथमिकता दिईनेछ।

२७१. कोभिड १९ को ब्यबस्थापनमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्रीहरुको अभाव नहुने गरि व्यवस्थापन गरिनेछ । कानुन बमोजिम जोखिम भत्ता उपलब्ध गराईनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

२७२. मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको कार्यान्वयवाट बौदीकालीवासी जनताका आधारभुत आवश्यकताहरु क्रमशः पुर्ती हुँदै जाने विश्वास लिएको छु । साथै सार्वजनिक सेवाको प्रभावकारीता एवं गुणस्तर अभिबृद्धि हुने विश्वास पनि लिएको छु। सामाजिक र आर्थिक क्षेत्रहरुमा निर्माण र नवनिर्माणले तिव्रता पाई जनताको आर्थिक र सामाजिक क्षेत्रमा सकरात्मक परिवर्तन हुने मेरो विश्वास छ । मैले यस नीति तथा कार्यक्रमलाई सोंच र व्यवहार परिवर्तनको आधारको रुपमा प्रस्तुत गरेको छु । साथै कोरोनाको संक्रमण ब्यबस्थापन र अन्य प्राकृतिक प्रकोप र त्यसवाट श्रृजना हुनसक्ने समस्याहरु माथी विजय प्राप्त गर्न महत्वपुर्ण भुमिका खेल्ने विश्वास समेत गरेको छु ।

२७३. अन्त्यमा यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोग रहने अपेक्षा समेत गरेको छु । नीति तथा कार्यक्रम तयारीको क्रममा रचनात्मक सुझाव र सल्लाह उपलब्ध गराउने सम्पुर्ण राजनीतिक दल, संघसंस्था एवं

बौदीकालीवासीहरु प्रति कृतज्ञ छु । साथै सबै जनप्रतिनिधि र कर्मचारीहरुमा धन्यवाद समेत ज्ञापन गर्दछु।

२७४. बौदीकाली तथा बौदीकालीवासीको जय होस। धन्यवाद ।

# आर्थिक बर्ष २०७८/७९ को

# बजेट बक्तव्य

## बौदीकाली गाउँपालिका

### डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

### गण्डकी प्रदेश, नेपाल

### २०७८

# बौदीकाली गाउँपालिकाको पाँचौ गाउँ सभामा सम्वत् २०७८ असार १० गते गाउँपालिका उपाध्यक्ष श्री मायादेवी श्रेष्ठले प्रस्तुत गर्नुभएको

## आर्थिक बर्ष २०७८/७९ को बजेट बक्तब्य

बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

२०७८

**www.baudikalimun.gov.np**

**आदरणिय गाउँसभा अध्यक्ष ज्यु,**

**सम्पुर्ण गाउँसभा सदस्य ज्युहरु,**

१. सर्वप्रथम म, सन् २०२० वाट विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड १९) (दोश्रो लहर समेत) को संक्रमण व्यवस्थापन तथा रोकथाममा अहोरात्र खटिनुहुने सम्पुर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि तथा कर्मचारी र सम्बद्ध सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कोरोना संक्रमण भई उपचाररत सम्पुर्णको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिड १९ को कारणवाट मृत्यु हुनेहरु सबैमा हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

२. सँघीयता, लोकतन्त्र, राष्ट्रियता, गणतन्त्र, र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै शहीद, वेपत्ता तथा घाईते परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. बौदीकालीको गाउँपालिकाको बार्षिक बजेटको तर्जुमामा गाउँपालिकालाई सहयोग, सल्लाह र सुझाव दिनुहुने राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि तथा सम्पुर्ण बौदीकालीवासीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

४. यो बजेट तर्जुमा र तयारी गर्दा सँघीय सरकार र गण्डकी प्रदेश सरकारको बार्षिक बजेटसँग अधिकतम तादम्यता मिल्ने गरी तयारी गरेको छु । साथै

नेपालको सँविधानको अनुसुची बमोजिम स्थानीय तहको अधिकारसुची, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भुमिका र सँचालित विकास आयोजनाको कार्यान्वयनको अवस्था समेतलाई ध्यानमा राखेको छु ।

५. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का साथै चालु आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, सँघीय सरकार र प्रदेश सरकारका प्राथमिकताहरु, गाउँपालिकाको नीति र प्राथमिकता र दायित्वलाई ध्यानमा राखी यो बजेट तर्जुमा गरेको छु ।

६. बौदीकाली गाउँपालिकाको आन्तरिक राजश्व क्षमता कमजोर रहेको परिप्रेक्षमा बौदीकाली गाउँपालिकाको आफ्नो अधिकार क्षेत्र भित्रको कर तथा गैरकर राजश्व परिचालन र ब्यबस्थापनलाई विशेष ध्यान दिदै सँघीय सरकार र प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान, राजश्व बाँडफाँड वापत प्राप्त हुने रकम, समपुरक अनुदान, विशेष अनुदान तथा सशर्त अनुदान र अन्य संभावित आय समतेलाई मुल आधार बनाई यो बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

७. पुजींगत खर्चको अँश कम र खर्च गर्ने क्षमता पनि कम भएको देखिएकोले अनुत्पादक तथा अनावश्यक क्षेत्रहरुमा खर्च कटौती गर्ने, पुंजीगत बजेटको अनुपात बढाउने र चालु खर्चमा मितव्ययीता तथा नियमितता कायम गर्ने र पुंजीगत खर्च क्षमता बढाउने तथा उपलब्ध श्रोतसाधन र लाभहरुमा स्थानीयको अग्राधिकार, सहज पहुँच, जिम्मेवारी प्रबर्द्धन र अवसरवाट बञ्चित हुनु नपर्ने गरी आगामी आर्थिक बर्षको लागी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको

छनौट, श्रोतसाधनको बाँडफाँड र विनियोजनमा दोहोरोपन समेत हुन नदिने अधिकतम प्रयास गरिएको छ ।

८. प्रत्येक कार्यक्रमहरुलाई सोच परिवर्तनको दृष्टीवाट सम्बोधन गर्ने प्रयास गरेको छु । मलाई आशा छ, यो बजेटको कार्यान्वयनवाट सकरात्मक सोच र व्यवहारले हामी सबैलाई निर्देशित गर्नेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**अव म चालु आर्थिक बर्षको संक्षिप्त वित्तिय जानकारी राख्ने अनुमती चाहन्छु ।**

९. चालु आर्थिक बर्षको कुल प्रस्तावित आय रु. ३७ करोड २३ लाख २४ हजार ८ सय साठी भएकोमा भएकोमा हालसम्म रु. २७ करोड ८३ लाख ५२ हजार १ सय बैसठ्ठी रुपैया २० पैसा यथार्थ आय भएको छ । जसमा वित्तय समानिकरण तर्फ रु. ४ करोड ४४ लाख ७४ हजार, संघ तथा प्रदेशको सशर्त/विशेष/समपुरक तर्फ रु. ११ करोड ७२ लाख १९ हजार २ सय ४०, राजश्व बाँडफाँड तर्फ रु. ५ करोड ११ लाख १ सय ५० रुपैया, आन्तरिक आय तर्फ रु. १ करोड ५८ लाख ९० हजार ४ सय छयहत्तर रुपैया तीस पैसा संकलन भएको छ साथै गत बर्षको मौज्दात रु. ४ करोड ९६ लाख ६८ हजार २ सय ९६ रुपैया ६२ पैसा रहेको छ । त्यसैगरी हालसम्म कुल रु. १४ करोड २६ लाख ९९ हजार २ सय ५८ खर्च भएको छ । जुन यथार्थ आयको ५१ प्रतिशत हो । कोभिड १९ का कारण काम सम्पन्न

भएपनि भुक्तानी हुन नसकेकोले वित्तिय प्रगती कम देखिएको छ । यद्यपी लक्ष्यको ९० प्रतिशत प्रगती हासिल हुने विश्वास लिएको छु ।

१०. आन्तरिक आयको लक्ष्य तोकिएको भन्दा बढी पुरा भएको छ । जुन लक्ष्यको १४८ प्रतिशत हुन आउछ । यो गाउँपालिकाको लागी उत्साहजनक अवस्था समेत हो । यसको विस्तृत विवरण अनुसुचीहरुमा संलग्न गरेको छु।

**अध्यक्ष महोदय,**

**गाउँसभा सदस्य ज्युहरु,**

११. **आगामी आर्थिक बर्ष २०७८/७९ को बजेट देहायका उद्देश्यहरु प्राप्तीमा केन्द्रीत रहनेछ**

- सबैमा सकरात्मक सोचको विकास गराउने ।
- कोभिड १९ को संक्रमण व्यवस्थापन तथा रोकथाम गर्ने तथा प्राकृतिक प्रकोप पछिको पुनर्निर्माण, पुनर्थापना र जनजीवन सामान्यीकरण गर्ने।
- गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुवाट प्रवाह हुने सार्वजनिक सेवालाई गुणस्तरीय, नियमित, निरन्तर र छिटो छरितो तथा मितव्ययी बनाउने ।
- अधुरा आयोजनाहरुको निर्माण सम्पन्न गर्ने । विकासका पुर्वाधारहरुको विस्तार र पहुँच वस्तीस्तरसम्म वृद्धि गरी विकासका लाभहरु र अवसरहरुलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।

- सामाजिक समावेशिकरण अभिबृद्धि गर्ने, बालबालिका तथा अन्य लक्षित बर्गहरुको हित अभिबृद्धि गर्ने ।
- सबै वडा कार्यालयहरुको निर्माण सम्पन्न गर्ने, गाउँपालिका चक्रपथको स्तरोन्नती गर्ने ।
- उत्पादनमुलक क्षेत्रमा व्यवसायिकता र उद्मशीलताको विकास एवँ सामाजिक परिचालन मार्फत कृषी क्षेत्रलाई गतिशिल बनाई गरिवि न्युनीकरणमा टेवा पुर्याउनको लागि कृषी तथा पशु क्षेत्रको व्यवसायिकरण, बैज्ञानिकिकरण र यान्त्रिकरण गर्ने ।
- शिक्षा, शुद्व खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि चेतनाको स्तरोन्नती गरि गाउँपालिका, गण्डकी प्रदेश र देशकै दीर्घकालिन लक्ष्य प्राप्तीमा टेवा पुर्याउने ।
- सबै योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सरोकारवालाहरु विच समन्वय गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व बढाई सुशासनको प्रत्याभुती दिने ।
- प्रदेश र संघीय सरकारसँग प्रभावकारी समन्वय कायम गर्दै समृद्व र श्रोत सम्पन्न गाउँपालिकाको रुपमा विकास गर्ने ।

१२. बौदीकाली गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु कृषी, शिक्षा, स्वास्थ्य, पर्यटन र पुर्वाधार विकास हुन भन्ने कुरामा स्थापित गाउँपालिकाको नीति र क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दिईएको छ ।

१३. अपेक्षित उपलब्धीहरुः आगामी आर्थिक बर्ष २०७८/७९ मा निम्नानुसारका उपलब्धिहरु हासिल हुनेछन-

क. कोभिड १९, बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोप तथा विभिन्न महामारीको कुशल व्यवस्थापन हुनेछ, राहत, पुनर्निर्माण र पुनस्थापनाले तीब्रता पाउनेछ ।

ख. गाउँपालिकाको प्रशासनिक भवन निर्माण शुरु हुनेछ ।सबै वडाकार्यालयहरुको निर्माण सम्पन्न गरी सेवा प्रवाह सुदृढीकरण हुनेछ ।

ग. गाउँपालिका भित्र १५ शैयाको आधारभुत अस्पताल निर्माण हुनेछ । अन्य स्वास्थ्य संस्थाहरुको पूर्वाधार तथा क्षमता विकास हुनेछ ।

घ. गाउँपालिका चक्रपथको माईतिघर- डाँडाथर- चारघरे हुदै चापासम्मको खण्डमा कालोपत्रे सडक निर्माण हुनेछ । सिंहेटारी देखी गाउँपालिका सम्मको मोटरवाटो कालोपत्रे हुनेछ । अन्य तोकिएका सडकहरु स्तरोन्नती हुनेछन।

ङ. ६ वाट झोलुङ्गे पूलको निर्माण सम्पन्न गरिनेछ । पूर्वाधारका हिसावले सुविधासम्पन्न अन्य संरचनाहरु निर्माण हुनेछन् ।

च. कृषी तथा पशु विकास क्षेत्रको बजार र वित्तिय पहुँच बढ्नेछ, यान्त्रिकरण सहितको व्यवसायिक कृषी प्रणाली स्थापित हुनेछ ।

छ. सामाजिक समावेशिकरण मार्फत लक्षित बर्गहरुको सशक्तिकरण हुनेछ । शासकिय प्रबन्धमा उनीहरुको परिचालन प्रभावकारी भई सहभागीता र अपनत्व बढ्नेछ ।

ज. All weather Roads को अवधारणा कार्यान्वयन भई त्यसको प्रत्यक्ष लाभ बौदीकालीबासीले पाउनेछन ।

झ. गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुको प्रत्येक कार्यको वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन मार्फत सुशासनको अनुभूति हुनेछ ।

ञ. लैङ्गिक समानता, समावेशीकरण तथा वातावरण सँरक्षणमा टेवा पुग्नेछ ।

ट. शैक्षिक विकास र स्वास्थ्य तथा सरसफाई प्रबर्द्धनमा महत्वपुर्ण टेवा पुग्नेछ।

ठ. गाउँपालिकाको आन्तरिक आम्दानी र आम्दानीका क्षेत्रहरु बढ्नेछन ।

१४. सहभागितामुलक पद्दतीवाट भएको योजना तर्जुमा प्रणाली र त्यसमा भएको बढ्दो सहभागिताले पक्कैपनि बजेटको कुशल परिचालन हुनेछ भन्ने विश्वास लिएको छु ।

अध्यक्ष महोदय

गाउँसभा सदस्य ज्यूहरु,

अब म यस गाउँपालिकाको नीति बमोजिम आगामी आर्थिक बर्षमा सँचालन हुने मुख्य मुख्य कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१५.	संघीय सरकारसंगको साझदारीमा रु. १५ करोड ३२ लाख १८ हजारको लागतमा १५ शैयाको बौदीकाली आधारभुत अस्पताल निर्माण गरिनेछ। ठेक्का लयागतका खरिद प्रक्रिया सम्पन्न गरिसकिएको छ ।

१६.	बौदीकाली गाउँपालिकाको प्रशासनिक भवन निर्माण तथा आवश्यक पूर्वाधार तयारी गर्नको लागी १ करोड ९५ लाख रुपैया विनियोजन गरेको छु। त्यसैगरी सबै वडा कार्यालयहरुको निर्माण सम्पन्न गर्नको लागी रु. १ करोड ६० लाख बजेट विनियोजन गरेको छु । आगामी आर्थिक बर्ष भित्रमा गाउँपालिका तथा वडा कार्यालयहरु आफ्नै सुविधासम्पन्न भवनवाट संचालन हुनेछन ।

१७.	संघीय सरकार तथा प्रदेश सरकारसंगको सहकार्यमा बौदीकाली २, वैडामा औद्योगिक ग्राम स्थापना गर्नको लागी बजेटको ब्यबस्था मिलाएको छु। आगामी आर्थिक बर्षमा औद्योगिक ग्राम स्थापनाको कार्य शुरुवात गरिनेछ।

१८.	बौदीकाली गाउँपालिकामा कोभिड १९ को संक्रमणलाई ब्यबस्थापन तथा रोकथाम गर्नको लागी आवश्यक बजेट विनियोजन गरेको छु । स्वास्थ्य प्रबर्द्धन कार्यक्रमहरुको लागी ८८ लाख पैतालिस हजार विनियोजन गरेको छु। बजेटको मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता कायम हुने गरी खर्च हुने ब्यबस्था मिलाएको छु ।

१९.	अधुरा आयोजनाहरु तथा अत्यावश्यकीय सेवा र कार्यहरुमा बजेट अभाव नहुने ब्यबस्था मिलाएको छु ।

२०.	विकासका सबै आयामहरुको समुचित अभिबृद्धिवाट मात्रै दीगो विकास हुने भएकोले आर्थिक विकास, पुर्वाधार विकास, सामाजिक विकास, वन, वातावरण तथा विपद ब्यबस्थापन लगायतका विषय क्षेत्रमा प्राथमिकताको आधारमा क्षेत्रगत रुपमा बजेट विनियोजन गरेको छु ।

२१.	कृषी तथा पशुपन्छी विकासको लागी रु. १ करोड २ लाख ५० हजार बजेट विनियोजन प्रस्ताव गरेको छु । कृषी व्यवसाय प्रबर्द्धनकोष स्थापनाको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

२२.	एकीकृत र दीर्घकालिन विकासको निम्ती आवधिक पञ्चबर्षिय योजनाको कार्यान्वयन, गाउँपालिकाको २५ बर्षे दीर्घकालिन योजना, गाउँपालिका यातायात गुरुयोजना निर्माणको लागी आवश्यक व्यवस्था गरेको छु ।

२३.	लैगिँक समानता र सामाजिक समावेशीकरण मार्फत सामाजिक न्यायः गाउँपालिकाको पर्याय कार्यक्रमलाई निरन्तरता दिएको छु । चालु आर्थिक बर्षमा कोभिड १९ तथा अन्य प्राकृतिक प्रकोपको कारण लक्ष्य अनुसार कार्यक्रम सँचालन गर्न नसकेको यथार्थ विच आगामी आर्थिक बर्षको लागी रु. ५३ लाख ४५ हजार बजेट विनियोजन गरेको छु ।

२४.	गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरु बाह्रै महिना नै सँचालन हुने ब्यबस्था मिलाउन, ति मुख्य मुख्य सडकहरु पहिचान गरी मर्मत सम्भार र

पुनर्निर्माण गरी **All Weather Roads** को अवधारणा कार्यान्वयन गर्न सम्बन्धित योजना र गाउँपालिकाकै Heavy Equipment बाट हुने व्यवस्था मिलाएको छु । विशेष प्रकारका सार्वजनिक संरचनाहरुको निर्माण, विकास, सँचालन तथा मर्मत सँभारको लागी पर्याप्त बजेट विनियोजन गरेको छु ।

२५. सबै प्रकारका कोषहरुवाट खर्च गर्दा तत् तत् कोष सँचालन कार्यविधि तर्जुमा गरेर मात्रै खर्च लेख्ने पद्दतिको शुरुवात गरि त्यसलाई अनिवार्य बनाईएको छ । गाउँपालिकाको खर्च सार्वजनिकिरण कार्यपालिका बैठक र गाउँसभा सहित प्रत्येक चौमासिकमा सार्वजनिक जानकारीको लागी गाउँपालिकाको वेभसाईटमा हुने व्यवस्थालाई निरन्तरता दिईनेछ । त्यसमा थप सुधार गरिनेछ।

२६. आन्तरिक राजश्व र राजश्व बाँडफाँड तर्फ विनियोजित बजेटका योजनाहरु उक्त रकम संकलन हुने सुनिश्चित भए पछि मात्रै सम्झौता र कार्यान्वयन गर्ने ब्यबस्था गरेको छु ।

२७. लक्षित कार्यक्रमहरु तथा सँस्थागत विकास तर्फका योजनाहरु गाउँपालिका मार्फत सबै वडाहरुमा टोल तथा वस्ती स्तरमा पुग्ने गरी सँचालन गरी उपलब्धीमुलक बनाईने छ ।

२८. “कोही नहुनेको गाउँपालिका छ” कार्यक्रमलाई निरन्तरता दिईएको छ। गम्भीर प्रकारका रोग लागी उपचार नपाएका, आर्थिक अभावले स्वास्थ्य र शिक्षा लिन नपाएका, प्राकृतिक प्रकोपवाट प्रताडित हुन पुगेका बौदीकाली

वासीहरुको जीवनमा मल्हम लगाउन यो कार्यक्रमले टेवा पुर्याउने छ । जसको लागी आवश्यक बजेट ब्यबस्थापन गरेको छु ।

२९. "स्वास्थ्य मः स्वस्थ्य गाउँपालिका", "विपदमा संगसंगै" र "मेरो गाउँपालिका म बनाउछु" कार्यक्रमको आगामी आर्थिक बर्षमा आधारपत्र तयारी गरिनेछ ।

३०. वडा कार्यालयहरुको कार्यालय सँचालनलाई प्रभावकारी बनाउनको लागी राजश्व संकलन क्षमताको आधारमा वडा सँचालन खर्च ब्यबस्था मिलाएको छु ।

३१. चालु आर्थिक बर्षको यथार्थ आय र व्ययको विस्तृत विवरण श्रावण १५ गते भित्र सार्वजनिक गर्ने ब्यबस्था मिलाएको छु ।

**आदरणीय सभाध्यक्ष ज्यु,**

**गाउँ सभा सदस्य ज्यूहरु,**

अव म क्षेत्रगत तथा कार्यक्रमगत रुपमा आगामी आर्थिक बर्ष २०७८/७९ को लागी प्रस्तावित बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु-

**कृषी तथा पशु विकासः**

३२. फलफलु तथा तरकारी वाली विकास कार्यक्रमहरु सँचालन गरिनेछ। त्यसका लागी फलफुलका विरुवा तथा तरकारीका मिनिकिटहरु वितरण गर्ने ब्यबस्था मिलाएको छु ।

३३. कृषी तथा पशु क्षेत्रको विकासको लागी सहभागितामुलक प्रविधि विकास कार्यक्रम सँचालन गरिनेछ । सबै वडाहरुमा कम्तीमा बर्षको एक पटक कृषी वाली उपचार शिविर सँचालन गरिनेछ । कृषी सम्बन्धी औषधी, खाद्यतत्व र विषादीहरुको खरिद तथा वितरणको लागी बजेट विनियोजन गरेको छु ।

३४. कृषी क्षेत्रको आधुनिकिकरण, बैज्ञानिकिकरण र यान्त्रिकरण मार्फत व्यवसायिकिकरण प्रबर्द्धन गर्न ५० प्रतिशत अनुदानमा आगामी आर्थिक बर्षमा कम्तीमा ३० वटा हाते ट्याक्टर वितरण गरिनेछ । अन्य कृषी औजार तथा सामाग्रीहरुको वितरणलाई निरन्तरता दिईनेछ । उपयुक्त सीप हस्तान्तरण गर्ने कार्यक्रम सँचालन गरिनेछ ।

३५. गाउँपालिका भित्रका सबै वडाहरुमा कम्तीमा १ वटा नमुना कृषी फर्म स्थापना गर्नको लागी अनुदान दिने ब्यबस्था मिलाएको छु । त्यसै गरी नमुना व्यवसायिक कृषक प्रोत्साहन कार्यक्रम सँचालन गरिनेछ । त्यसको लागी १० लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

३६. आगामी आर्थिक बर्षमा साविकका प्रत्येक वडाहरुमा कृषी समुहहरुको गठन, पुनर्गठन र परिचालन गरिनेछ । अन्तर जिल्ला वा प्रदेश कृषक भ्रमणको लागी बजेट ब्यबस्था मिलाएको छु ।

३७. अदुवा कृषकहरुको लागी विशेष कार्यक्रम सँचालन गरिनेछ । कृषी क्षेत्रका आधारभुत र आकस्मिक सेवाहरुको लागी बजेट प्रबन्ध गरिएको छ । विना अवरोध सँचालन हुने ब्यबस्था मिलाएको छु ।

३८. प्राकृतिक प्रकोपवाट कृषकलाई सुरक्षा प्रदान गर्न, कृषी तथा पशु क्षेत्रमा यान्त्रिकरण र व्यवसायिकिकरण गर्नको लागी हाललाई रु. ८ लाख रुपैयाको कृषी व्यवसाय प्रबर्द्धन कोष स्थापना गर्नको लागी बजेट विनियोजन गरेको छु ।

३९. स्थानीय प्रजातीका कृषी वाली तथा पशुपन्छीहरुको पहिचान गरी तिनिहरुको संरक्षण र उत्पादनको लागि विशेष कार्यक्रम सँचालन गरिनेछ ।

४०. प्रत्येक वडामा कम्तीमा १ वटाका दरले साना पशुपन्छी तथा मत्स्य व्यवसायिक फर्म स्थापना गर्नको लागी कार्यक्रम प्रस्ताव गरेको छु ।

४१. पशुपन्छी उपचारको लागी आवश्यक औषधी उपकरणको लागी बजेट विनियोजन गरेको छु । आगामी आर्थिक बर्षमा गाउँपालिका भित्र पशुपन्छी सम्बन्धी प्रयोगशाला स्थापना र सँचालन गरिनेछ ।

४२. नश्ल सुधार कार्यक्रम सँचालन गरिनेछ । पशु स्वास्थ्य शिविर र पशु विमा कार्यक्रमलाई निरन्तरता दिईएको छ । बाख्रा, कुखुरा र च्वाँचे प्रबर्द्धन कार्यक्रमहरु सँचालन गरिनेछ ।

४३. कृत्रीम गर्भाधान मिसन कार्यक्रम सँचालन गरिनेछ । बंगुरको साना व्यवसायिक कृषी उत्पादन केन्द्र विकास कार्यक्रम निरन्तर सँचालन गरिनेछ।

४४. किसान सुचीकरण कार्यक्रम सँचालन गर्नको लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

४५. सहकारी तथा निजी क्षेत्रको सहकार्यमा अदुवा प्रशोधन केन्द्र स्थापना गर्न बजेट विनियोजन गरिएको छ ।

**सहकारीः**

४६. सहकारी मर्फत कृषी तथा पशुजन्य उत्पादनको खरिदविक्रि प्रकृयालाई सरलीकरण गरिनेछ ।

४७. कर, सहकारी तथा वित्तिय शिक्षा सम्बन्धि तालिम तथा अभिमुखिकरण कार्यक्रम सँचालन गर्नको लागी बजेट ब्यबस्थापन गरिएको छ ।

४८. सहकारीले गाउँपालिकाको स्वीकृत विकास कार्यक्रम सँचालन गर्न चाहेमा प्राथमिकता दिईनेछ ।

**पर्यटनः**

४९. वालीघाट संरक्षण क्षेत्र विकास कार्यक्रम सँचालन गरिनेछ । वालीघाट क्षेत्रमा गाउँपालिकाकै पहिचान दिने गरी पवित्र कालीगण्डकी नदीमा पाईने शालिकग्रामले बनेको मुर्ती सहितको मन्दिर स्थापना गरिनेछ ।

५०. बौदीकाली गाउँपालिकालाई त्रिवेणी- देवघाट- अकलादेवी/वालीघाट- पञ्चकोट बागलुङ हुदै मुस्ताङको मुक्तिनाथसँग जोडि धार्मिक तथा पर्यटकिय मार्ग मध्यविन्दुको रुपमा विकास गरिनेछ ।

५१.	अकलादेवी मन्दिर तथा धार्मिक पर्यटकिय क्षेत्र पर्यटन पूर्वाधार निर्माणको लागी १० लाख बजेट व्यवस्थापन गरिएको छ ।

५२.	दरै होमस्टे र ल्हापे होमस्टेको क्षमता विकास कार्यक्रम सँचालन गरिनेछ । पर्यटकिय स्थलहरुसम्म पुग्ने मुख्य सडकहरुलाई अवरोध नहुने ब्यबस्था मिलाईनेछ ।

५३.	मौलाडाँडा, मौलाकाली डाँडा, चम्के गुफा, स्यालपानी गुफा, रुचाङ्ग गुफा, शिरपोखरी, सेतोपानी, वतासे गुफा, लालीगुराँश संरक्षण क्षेत्र तथा घोरल संरक्षण क्षेत्रहरुमा आधारभुत पर्यटकिय पूर्वाधार निर्माण र विकासको लागी विस्तृत परियोजना प्रस्ताव तयार गरी संघीय र प्रदेश सरकारसँग प्रस्ताव गरिनेछ ।

**उद्योग तथा बाणिज्य तथा सार्वजनिक निजी साझेदारीः**

५४.	बौदीकाली गाउँपालिका भित्र औद्योगिक ग्राम स्थापनाको कार्य शुरुवात गरिनेछ । त्यसको लागी बौदीकाली गाउँपालिका, प्रदेश सरकार र सँघीय सरकारले संयुक्त रुपमा लगानी गर्ने नीति कार्यान्वयन गरिनेछ ।

५५.	सार्वजनिक निजी साझेदारी मोडलवाट आयोजना संचालन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन हुने व्यवस्था मिलाएको छु ।

५६.	लामो समयदेखी विभिन्न कारणले हुन नसकेको बजार अनुगमनलाई प्रभावकारी बनाईनेछ । उपभोक्ता सचेतना कार्यक्रम सँचालन गरिनेछ ।

५७. गरिबी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम सँचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीहरुको स्तरोन्नती गरिनेछ । आवश्यकता पहिचान र एडभान्स सीप विकास तालिम कार्यक्रम सँचालन गरिनेछ ।

५८. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नको लागी कम्तीमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम सँचालन गरिनेछ।

**शैक्षिक विकासः**

५९. शैक्षिक विकास कार्यक्रम सँचालन गर्नको लागी संघीय सरकारवाट ९ करोड ७३ लाख र बौदीकाली गाउँपालिकावाट १ करोड १४ लाख ७५ हजार गरी कुल १० करोड ८७ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।

६०. श्री जनता निम्न माध्यामिक विद्यालय, बौदीकाली ६ को चारकोठे भवन निर्माण गर्नको लागी रु. २५ लाख र श्री उत्तम बालहित आधारभुत विद्यालयको विद्यालय भवन निर्माणको लागी रु. २५ लाख बजेट ब्यबस्थापन गरेको छु ।

६१. बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको थप सुविधाको लागी ७० लाख बजेट प्रस्ताव गरेको छु ।

६२. आगामी आर्थिक बर्षमा गाउँपालिका शिक्षा ऐन, नियमावली र शिक्षा योजना तर्जुमा गरिनेछ ।

६३. गाउँपालिका मातहत सँचालन हुने सबै परिक्षाहरुलाई मर्यादित बनाउन परिक्षा व्यवस्थापनको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

६४. विद्यालय संचालन तथा ब्यबस्थापन, शैक्षिक गुणस्तर सुदृढीकरण, शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण जस्ता आधारभुत क्षेत्रहरुमा बजेट अभाव नहुने सुनिश्चतता गरेको छु ।

६५. सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापनको लागी रु.९ लाख ३६ हजार बजेट ब्यबस्थापन गरिएको छ ।

६६. आधारभुत विद्यालयहरुमा ब्रोडब्याण्ड ईन्टरनेट पुर्याउन नेपाल दुरसँचार संस्थानसँग सम्झौता गरिनेछ ।

६७. सबै विद्यालयहरुलाई प्रविधिमैत्री तथा विद्युतीय माध्यमवाट शिक्षण सिकाईमा सहयोग पुर्याउन आवश्यक बजेट बिनियोजन गरिएको छ ।

६८. प्रचलित कानुनले तोकेको अवधि पुरा नभएका शिक्षक तथा कर्मचारीहरुको सरुवा सम्बन्धी कार्य नहुने व्यवस्था मिलाएको छु । शैक्षिक सत्र शुरु भै सकेपछि कुनै पनि शिक्षक वा कर्मचारीको सरुवाको लागी सहमती दिईनेछैन ।

६९. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान गरिनेछ । विद्यालय समायोजनलाई निरन्तरता दिईनेछ ।

७०. "महामारी व्यवस्थापनमा शिक्षक" कार्यक्रम सँचालन गरिनेछ ।

७१. सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक पुर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा जोड दिईनेछ ।

७२. बौदीकाली गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा नपुग शिक्षक दरबन्दी एकिन गरि दरबन्दी थप गर्नको लागि आवश्यक पहल गरिनेछ।

७३. हरेक बर्ष शिक्षा दिवसमा उत्कृष्ट विद्यालय व्यवस्थापन समिति, उत्कृष्ट प्रधानअध्यापक र उत्कृष्ट शिक्षकलाई पुरस्कृत र प्रोत्साहन गरिनेछ ।

७४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सँचालनलाई थप प्रभावकारी बनाई दायरा विस्तार गरिनेछ ।

**गैरसरकारी सँघसँस्था परिचालन र समन्वयः**

७५. गाउँपालिका र विभिन्न संघ-संस्थाहरुको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने ब्यबस्थालाई निरन्तरता दिएको छु ।

७६. गैरसरकारी संघ सस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ। आगामी आर्थिक बर्षमा गैसस परिचालन नीति तर्जुमा गरिनेछ ।

**आधारभुत स्वास्थ्य र सरसफाईः**

७७. बौदीकाली गाउँपालिका वडा नं. ६ मा स्वास्थ्यचौकी र बर्थिङ सेन्टरको सुविधासम्पन्न भवन निर्माण गरिनेछ ।

७८. कोभिड ब्यबस्थापन तथा स्वास्थ्य क्षेत्रको सुदृढीकरण र क्षमता विकासको लागी संघीय सरकार र गाउँपालिकाको गरी कुल रु. ४ करोड ५८ लाख ४५ हजार बजेट विनियोजन गरेको छु ।

७९. स्थानीय सामुदायिक संस्थासँगको सहकार्यमा गाउँपालिका मातहत एम्बुलेन्स संचालन गरिनेछ ।

८०. पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणको लागी बजेट बिनियोजन गरेको छु ।

८१. आगामी आर्थिक बर्षमा थप १ वटा सामुदायिक स्वास्थ्य एकाईको स्थापना गरिनेछ । ववक र वालीघाट सामुदायिक स्वास्थ्य एकाईको क्षमता विकास गरिनेछ ।

८२. सबै स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य शाखाको लागी कार्यालय सँचालन खर्च विनियोजन गरेको छु ।

८३. स्वास्थ्य सेवा प्रवाह अभिबृद्धि कार्यक्रमको लागी रु. १० लाख बजेट विनियोजन गरेको छु ।

८४. नागरिकलाइ स्वस्थ वनाउन स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुच स्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभुत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाई व्यवहारमा लागु गर्न आवश्यक कार्यक्रमहरु सँचालन गरिनेछ ।

८५.	सबै स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मीहरुको सीप र क्षमता विकास कार्यक्रम सँचालन गरिनेछ ।महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

८६.	एक घर पाँच योग, पाँच जडिबुटी र पाँच व्यवहार सुधार/ परिवर्तन कार्यक्रम संचालन गर्नको लागी बजेट विनियोजन गरेको छु । साथै अन्य आर्युवेद सेवा कार्यक्रमको सुदृढीकरणको लागी बजेट विनियोजन गरेको छु ।

८७.	अत्यावश्यकीय औषधी खरिदको लागी रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

८८.	उच्च जोखिममा रहेका समुदायमा विरामी खोजपडताल, कम्युनिटि डट्स कार्यक्रम, RRT परिचालन, खोप तथा सरसफाई प्रबर्द्धन कार्यक्रम, सामाजिक व्यवहार प्रबर्द्धन कार्यक्रम आदी कार्यक्रमहरु संचालन गरिनेछ ।

८९.	गाउँपालिका भित्रको पोषणको अवस्था सुधार गर्न सुनौलो हजार दिनका आमा, बच्चा र किशोरीहरु लक्षित बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तर सँचालन गरिनेछ । जसको लागी गाउँपालिकाको तर्फवाट रु. १५ लाख र संघीय सरकारवाट रु. २५ लाख ४० हजार बजेट विनियोजन गरिएको छ ।

**भाषा, कला, साहित्य र सँस्कृति प्रवर्द्धनः**

९०.	अक्षरयात्रा कार्यक्रमको दायरा फराकिलो बनाईएको छ । आगामी आर्थिक बर्षमा विशेषाँक प्रकाशन गरिनेछ ।

९१.	दरै साँस्कृतिक घरको संरक्षण गरिनेछ । साथै प्रचारप्रसार गरिनेछ ।

९२. गाउँपालिका तथा देशको साँस्कृतिक विकासमा उल्लेखनिय योगदान पुर्याउने लेखक, साहित्यकार, गायक, संगितकार वा कलाकारलाई पुरस्कृत गरिनेछ ।

९३. गाउँपालिका भित्र प्रचलनमा रहेका सोरठी, घाटु, झ्याउरे, कौरा, लाखे जस्ता विभिन्न नाचहरु तथा लोक भजन, यानीमाया र सालैजो जस्ता लोकभाकाहरुको संरक्षण र प्रबर्द्धन गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

९४. महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक र यौनीक तथा लैङ्गिक लगायतका अल्पसँख्यकहरुको तथ्यांक संकलन र विवरण अद्यावधिकरण कार्यक्रम सँचालन गरिनेछ ।

९५. सामाजिक समावेशिकरण कार्यक्रम सँचालन गर्न संघीय सरकार र गाउँपालिकाको संयुक्त प्रयासमा रु १ करोड ११ लाख रुपैया विनियोजन गरेको छु ।

९६. आगामी आर्थिक बर्ष देखी बालमैत्री स्थानीय शासन सँचालनको लागी बजेट विनियोजन गरेको छु ।

९७. सबै प्रकारका विभेदहरुको अन्त्य गरी सामाजिक सुव्यवस्थाको अनुपम वातावरण तयार गरिनेछ ।

९८. सामाजिक सचेतीकरण, सशक्तिकरण, परिचालन मार्फत सबै बर्ग क्षेत्र लिङ्गको मुल प्रवाहीकरणमा जोड दिईनेछ ।

९९.	समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव बेचविखन ताथ ओसारपोसार विरुद्ध सचेतनामुलक कार्यक्रम तथा अभियान सँचालन गरिनेछ।

१००.	महिला विकास कार्यक्रमद्धारा प्रबर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको लागि सहजिकरण गरिनेछ ।

१०१.	लक्षित बर्ग कार्यक्रमहरुलाई परिणाममुखी र ब्यबस्थित रुपमा सँचालन गर्ने गरी कार्यविधि निर्माण गरिनेछ ।

**खेलकुदः**

१०२.	अन्तरपालिका स्तरीय खुल्ला अध्यक्ष कप भलिवल प्रतियोगिता सँचालन गर्नको लागी बजेट विनियोजन गरेको छु ।

१०३.	बौदीकाली गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता निरन्तर संचालन गरिनेछ ।

१०४.	हरेक वडा- एक खेल मैदान- एक प्रतियोगिताको अवधारणा आगामी आर्थिक बर्षमा  कार्यान्वयन गरिने छ ।

१०५.	बौदीकाली २, राजाको चौपारी स्थित जग्गामा प्रदेश सरकारसँगको साझेदारीमा सुविधासम्पन्न रंगशाला निर्माण गरिनेछ ।

**सामाजिक सुरक्षा तथा संरक्षणः**

१०६. ८५ बर्ष उमेर नाघेका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप बार्षिक रुपमा चाडपर्व खर्च उपलब्ध गराउन जेष्ठ नागरिक आरोग्य कार्यक्रम सँचालन गरिनेछ । जेष्ठ नागरिक अनुभव साटासाट कार्यक्रम सँचालन गरिनेछ ।

१०७. आगामी आर्थिक बर्षदेखी लामो समयदेखी एकल जीवन बिताईरहेका विधुर पुरुषहरुको लागी विधुर भत्ता वितरणको लागी बजेट विनियोजन गरेको छु । त्यसको लागी कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ ।

१०८. नेपाल प्रहरी संगको सहकार्यमा विद्यार्थी संग प्रहरी र युवासंग प्रहरी कार्यक्रम सँचालन गर्ने ब्यबस्था मिलाएको छु ।

१०९. नरम, ववक र रुचाङ्ग कार्यक्षेत्र रहने गरी प्रहरी चौकी स्थापनाको लागी पहल गरिनेछ ।

**युवा, रोजगारी तथा गरिवि निवारणः**

११०. नमुना युवा सँसद अभ्यास र नीति सम्वाद कार्यक्रम सँचालन गरिनेछ। एक शैक्षिक संस्थामा एक उद्यमशील कार्यक्रम सँचालन गर्न प्राथमिकता दिईनेछ ।

१११. युवाहरुलाई स्वरोजगारी तर्फ उम्मुख गराउन व्यवसाय शुरुवात अनुदान उपलब्ध गराउने ब्यबस्था मिलाएको छु ।

११२. गरिवहरुको पहिचान र परिचयपत्र उपलब्ध गराउने कार्यको लागी आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

११३. कोभिड १९ का कारण विदेशवाट फर्किएका व्यक्तिहरुमा रहेको ज्ञान सीप क्षमता अनुसारको रोजगारी प्रदान गर्नको लागि अपेक्षा सँकलन गरी अपेक्षा अनुसारको कार्यक्रम सँचालन गरिनेछ । ज्ञान, सीप हस्तान्तरण प्रक्रियालाई सहजीकरण गरिनेछ ।

११४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि नतिजामुखी बनाईनेछ । कामका लागी पारिश्रमिक कार्यक्रम सँचालन गर्नको लागी  रु. ६५ लाख ६३ हजार रुपैया बजेट ब्यबस्थापन गरिएको छ ।

११५. युवाहरुलाई स्वरोजगारी तर्फ आकर्षित गर्न मोवाईल मर्मत, हाउस वायरिङ्ग जस्ता सीपमुलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

**सँचारः**

११६. अप्टिकल फाईवर विस्तार तथा ल्याण्डलाईन टेलिफोन विस्तारको लागी सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

११७. विद्यमान ईन्टरनेट सेवा प्रदायकहरुको सेवामा गुणस्तरीयता ल्याउन प्रोत्साहन गरिनेछ ।

११८. हरेक बर्ष बैशाख २४ गते पत्रकारिता दिवसको दिन वितरण गर्ने गरी गाउँपालिकाको समृद्धि तर्फको यात्रामा सहयोग गर्ने र गाउँपालिकाका गतिविधिहरु प्रचारप्रसार गर्ने  पत्रकार/ सँचारकर्मी/सञ्चार माध्यमलाई थप प्रोत्साहित गर्नको लागि रु. २२२२२/- राशीको बौदीकाली पत्रकारिता पुरस्कार लाई निरन्तरता दिएको छु । चालु आर्थिक बर्षको लागि बौदीकाली

पत्रकारिता पुरस्कार आगामी बैशाख २४ गते एक समारोह आयोजना गरि वितरण गरिनेछ ।

**स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाः**

११९. आर्थिक बर्ष २०७८/७९ मा संचालन हुने आयोजनाहरुलाई अधिकतम कोभिड १९ संवेदनशील बनाई कार्यान्वयन गरिनेछ ।

१२०. सम्बन्धीत वडा वडामा नै योजना सम्झौता र उपभोक्ता समितिहरुको अभिमुखिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२१. विकास आयोजना सँचालन गर्दा त्यसको बातावरणिय पक्षको मुल्याँकन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ ।

१२२. रु. ५० लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरु खुल्ला बोलपत्रको माध्यमबाट कार्यान्वयन गरिनेछ ।

१२३. उपभोक्ता समितिले कुनै ठेक्का वा उपठेक्का दिएको जानकारी प्राप्त भएमा त्यस्तो उपभोक्ता समितिको भुक्तानी दिईने छैन ।

१२४. काबु भित्रको परिस्थिति हुदाँ पनि योजना सम्झौता नगर्ने, सम्झौता अनुसार काम नगर्ने, लागत अनुमान बमोजिमको कार्य नगर्ने जस्ता कारणवाट काम बाँकी रहेको अवस्थामा अर्को बर्षलाई जिम्मेवारी सार्ने रोगको अन्त्य गरिएको छ ।

१२५. नयाँ सडक खन्ने, ग्राभेल गर्ने जस्ता बर्षातको पानीवाट प्रभावित हुन सक्ने कार्यहरु बैशाख १५ गते पछि गर्न नपाईने ब्यबस्था गरेको छु ।

१२६. जनसहभागिताको अँश श्रम वा नगद सुनिश्चित भए पश्चात मात्रै भुक्तानी दिईने छ । अन्यथा आनुपातिक हिसावले कट्टी गरी भुक्तानी उपलब्ध गराईनेछ। त्यस्तो उपभोक्ता समितिसँग पुनः कुनै पनि योजना सँचालनको लागी सम्झौता गरिनेछैन ।

**उर्जा, साना जलविद्युत तथा बैकल्पिक उर्जाः**

१२७. आगामी आर्थिक बर्षमा बायोग्यास जडान, सुधारिएको चुलो प्रविधि जडान र सौर्य उर्जा प्रविधि जडान कार्यक्रम संचालन गरिनेछ । त्यसको लागी रु. ८ लाख बजेट ब्यबस्थापन गरिएको छ ।

१२८. गाउँपालिका भित्रका सबै वडाहरुमा केन्द्रिय प्रशारण लाईनको विद्युत पुर्याउने व्यवस्था गरिनेछ । त्यसका लागि आवश्यक पहल र समन्वय गरिनेछ।

१२९. स्थानीय स्तरमा निर्माण भई सँचालनमा रहेका साना तथा लघु जलविद्युत उत्पादन केन्द्रहरुको मर्मत सँभार र क्षमता विस्तारको लागी सहयोग गरिनेछ।

**सिंचाई र खानेपानीः**

१३०. गाउँपालिका क्षेत्रभित्रका सिँचाईका मुख्य श्रोतहरु तथा जलाधार क्षेत्रहरुको विस्तृत नक्साङकनको लागी आवश्यक पहल गरिनेछ ।

१३१. एकीकृत खानेपानी गुरुयोजना तयार गरिनेछ ।

**सडक तथा पुलः**

१३२. गाउँपालिका क्षेत्र भित्रका मुख्य मुख्य सडकहरुलाई All weather Road को अवधारणा अनुसार १२ महिना नै सँचालन गर्नको लागि आवश्यक पर्ने बजेट ब्यबस्था गरिएको छ ।

१३३. गाउँपालिका भित्र निर्माण तथा स्तरोन्नती र मर्मत गरिने सबै सडकहरुको झुकाव बढीमा १२ प्रतिशत हुने गरी निर्माण गर्ने व्यबस्थालाई अनिवार्य गरिएको छ । अन्यथा उक्त योजनाको सम्झौता प्रक्रिया अगाडि बढाईने छैन।

१३४. गाउँपालिका चक्रपथ निर्माण तथा स्तरोन्नतीको लागी आवश्यक बजेट विनियोजन गरिएको छ । त्यसैगरी मुख्य मुख्य सडकहरुको स्तरोन्नती तथा कलोपत्रे गर्ने कार्य गरिनेछ ।

१३५. सिंहेटारी- विपिचोक- वडा कार्यालय- गाउँपालिका- देविस्थान सडक र माईतीघाट- डाँडाथर- चारघरे- हर्वले- चापा सडकको कालोपत्रेको कार्य शुरु गरिनेछ ।

१३६. शेरा पक्कि पुल – मखमरम- पोखरीछाप- नगरडाँडा हुदै ल्हापे सडक, नगरडाँडा- व्याघन- बाहुनथर-राईका सडक, ईल्लिखोला देखी विरस्वाँरा सडक, राईका देखी आमडाँडा हुदै राउदी सडक, सिउनवाट- रिव्दी हुदै खहरे सडकमा पक्कि नाली सहित स्तरोन्नतीको कार्य गरिनेछ ।

१३७. धोवादी राईकोट ववक मधुकोट नगरडाँडा व्याघन चाउदी राईका भन्ज्याङ सडक प्रदेश तथा संघीय सरकारको सहकार्यमा पक्किनाली सहित स्तरोन्नती गरिनेछ ।

१३८. फेदी- ढोडभन्ज्याङ- टारी- कुवाकोट हुदै झ्यालवास जोड्ने सडक, डेढगाउँ चक्रपथ, फेदी देखी ढुवाड जोड्ने सडक, थोत्रेनी देखी रोगाहासाल हुदै सिउन जोड्ने सडक, चापादी धारादी सडक, रिंठ्ठे देखी वडा कार्यालय जोड्ने सडक र नगरडाँडा देखी पुरानो नरम जोड्ने सडकको स्तरोन्नती गर्नको लागी आवश्यक पहल गरिनेछ ।

१३९. प्रदेश सरकारसंगको सहकार्यमा बौदीकाली ३ र ४ जोड्ने टारी स्थित बौदीखोलामा मोटरेवल पुलको निर्माण गरिनेछ ।

१४०. आगामी आर्थिक बर्षमा ६ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न गरिनेछ।

१४१. गाउँपालिका, कालिगण्डकी करिडोर, प्रदेश स्तरीय सडक र रणनैतिक सडकहरुमा हुने लगानीमा दोहोरोपन नआउने गरी स्तरोन्नतीको लागी सम्बन्धित तह र निकायहरुसँग समन्वय गरिनेछ ।

## शहरी विकास, सुरक्षीत आवास र अन्य पूर्वाधार विकासः

१४२. गाउँपालिका भित्रका करिव २७० घरपरिवारको लागी जस्तापाता फेर्ने कार्यक्रम सुरक्षित आवास कार्यक्रम सँचालन गरिनेछ । त्यसको लागी हाल रु. ५१ लाख बजेट विनियोजन गरिएको छ । थप परिवारको लागी गाउँपालिकाले आवश्यक प्रबन्ध गर्नेछ ।

१४३. राष्ट्रिय भवन संहिता तथा मापदण्ड तथा गाउँपालिकाको भवन निर्माण र सडकको आधारभुत मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । मापदण्ड विपरित निर्माण भएका आवासिय तथा गैरआवासिय भवनको अभिलेख कायम गरिनेछैन ।

१४४. प्राकृतिक प्रकोप लगायतका जोखिमवाट उच्च जोखिममा रहेका वस्तीहरुको पहिचान गरी एकीकृत वस्ती विकास कार्यक्रम सँचालन गर्न अध्यनन गरिनेछ ।

१४५. जि.आई.एस. प्रविधिमा आधारित घर नम्बरिङ प्रणालीको कार्यान्वयन गरिनेछ ।

१४६. गाउँपालिका भित्र व्यवस्थित र सुविधासम्पन्न बसपार्क निर्माण गरिनेछ।

१४७. गाउँपालिकाभित्र बहुउद्देश्यीय सभाहल निर्माण गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापनः**

१४८. विपद व्यवस्थापन कोषको लागी रु. १० लाख विनियोजन गरेको छु।

१४९. हालै आएको बर्षाको कारणले क्षती भएका विभिन्न संरचनाहरुको मर्मत सम्भार र पुनर्निर्माणको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

१५०. बालीघाट संरक्षण क्षेत्रमा कालीगण्डकीको कटान रोक्नको लागी तटबन्धन कार्यक्रम सँचालन गरिनेछ ।

१५१. विपदवाट पिडित भएका व्यक्ति तथा घरपरिवारहरुको लागी राहत तथा समाजिक सुरक्षा कार्यक्रम सँचालन गरिनेछ ।

१५२. प्राकृतिक प्रकोप पछिको पुनर्स्थापना, पुनर्निर्माण, मर्मत सम्भार कार्यलाई प्राथमिकता दिएको छु ।

१५३. स्थानीय स्तरमा वातावरणीय जोखिम न्युनीकरणको लागि दीर्घकालिन योजना बनाईनेछ । वातावरण र विकासलाई सँगसँगै लैजानको लागि बायो ईन्जिनियरिङ पद्धतिलाई आत्मसात गर्ने ब्यबस्था गरिनेछ ।

१५४. गाउँपालिका स्तरीय जलश्रोत समिति गठन गरी सक्रिय र प्रभावकारी बनाई क्षमता विकास गरिनेछ।

१५५. गाउँपालिका क्षेत्रमा रहेका विभिन्न खानीहरुको उत्खनन, अन्वेशण, उत्पादन, ढुवानी तथा विक्री वितरणलाई नियमित गर्न कार्यविधि निर्माण गरिनेछ। यसको पुर्वाधार विकासको लागि सँघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ । साथै नदी र नदीजन्य पदार्थको विक्री वितरणलाई प्रभावकारी बनाउन वातावरणीय प्रभाव मुल्याङकन गरि आन्तरिक आयसँग आवद्ध गरिनेछ।

१५६. फोहरमैला व्यवस्थापनमा “जनता-गाउँपालिका साझेदारी” अवधारणा कार्यान्वयन गर्न फोहोरमैला ब्यबस्थापनको सम्भाव्यता अध्ययन गरिनेछ ।

**<u>सँस्थागत विकास, सेवा प्रवाह र सुशासनः</u>**

१५७. सबै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाको लागि आवश्यक पर्ने कार्यालय उपकरणहरुको पुर्ण व्यवस्था गरि सेवा प्रवाहलाई सहज बनाईनेछ ।

१५८. आगामी आर्थिक बर्ष २०७८/७९ भित्र गाउँपालिका प्रहरी गठन, संचालन र व्यवस्थापन गरिनेछ ।

१५९. गाउँपालिका तथा वडा कार्यालयहरुको संस्थागत क्षमता विकासमा सहयोग पुर्याउने गरि सुचना प्रविधिको विकासमा जोड दिईनेछ ।

१६०. पेश्की शुन्य नीतिलाई निरन्तरता दिईएको छ ।

१६१. न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको क्षमता विकास गरिनेछ। व्यवस्थित न्यायिक समितिको सचिवालय निर्माण गरिनेछ ।

१६२. निर्वाचित पदाधिकारीहरुको सेवा सुविधा प्रदेश कानुन बमोजिम हुने गरी बजेट विनियोजन गरिएको छ ।

१६३. सबै कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

१६४. चालु आर्थिक बर्षको कर्मचारी प्रोत्साहन भत्तालाई निरन्तरता दिईएको छ । प्रोत्साहन प्रणालीलाई कार्यसम्पादन स्तरसँग सँगै लैजाने पद्धति विकास गरिनेछ ।

१६५. कर्मचारी अभावका कारण एक भन्दा बढी वडा कार्यालयको जिम्मेवारी सम्हाल्नु पर्ने अवस्थामा वा अर्को कार्यालय समेत हेर्नुपर्ने अवस्थामा कार्यसम्पादन स्तरको आधामा थप वडा बराबर बढीमा ५ हजार प्रोत्साहन भत्ता दिने ब्यबस्था गरिएको छ । कार्यसम्पादन सुचकका आधारमा प्रमुख प्रशासकीय अधिकृतले कार्यसम्पादन स्तर निर्धारण गर्नेछ । अति उत्तम कार्यसम्पादन भएमा १०० प्रतिशत, मध्यम भएमा ८० प्रतिशत र सन्तोषजनक

भएमा ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराईने ब्यबस्था गरिएको छ । न्युन कार्यसम्पादन भएको अवस्थामा कुनै प्रोत्साहन भत्ता उपलब्ध नगराउने ब्यबस्था गरिएको छ ।

१६६. आगामी आर्थिक बर्षमा सँचालन हुने सबै योजनाहरुको आयोजना ब्यबस्थापन खर्च ३ प्रतिशत नै कायम गरिएको छ ।

१६७. दैवी प्रकोप, विपद, दीर्घरोग औषधी उपचार, सांस्कृतिक तथा खेलकुद कार्यक्रम आदी अवस्थामा आर्थिक सहयोग निर्देशिका बनाई खर्च गरिनेछ । कानुन तयार नहुने अवधिसम्मको लागी कुनै पनि प्रकारको आर्थिक सहयोग गरिनेछैन ।

१६८. स्थानीय सेवाको ब्यबस्थापन तथा मानव सँसाधन विकास गर्न स्थानीय सेवाको ब्यबस्थापन सम्बन्धि नीति मापदण्ड, सेवा शर्तको तर्जुमा गर्ने, समायोजन भएका कर्मचारीहरुको ब्यबस्थापन, उपयोग, सम्भार र समन्वयको लागी प्रभावकारी ब्यबस्था गर्ने, कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन "बैज्ञानिक प्रोत्साहन प्रणाली" लागु गर्ने, कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने ब्यबस्थालाई प्रभावकारी बनाईनेछ।

१६९. लोक सेवा आयोगवाट कर्मचारीहरु पुर्ती नहुने अवस्थासम्मको लागि उपलब्ध रहेका तथा सेवा करारमा लिईएका कर्मचारीहरुको सेवा करार अवधि थप तथा जिम्मेवारी बाँडफाँड प्रमुख प्रशासकीय अधिकृतले गर्ने ब्यबस्था

गरिएको छ । निजहरुको सेवा सुविधाहरु चालु आर्थिक बर्षकै कायम हुने ब्यबस्था मिलाएको छु ।

१७०. कार्यालय प्रयोजनको लागि लिईएका घरहरुको घरभाडा सम्झौता नविकरण गरि नियमितता दिईएकोछ ।

१७१. गाउँपालिकाको वित्तिय कारोवार सहित सम्भव कार्यहरुलाई विद्युतिय प्रणालीमा आवद्ध गरी गरि कार्यान्वयन गरिनेछ ।

१७२. वित्तिय ब्यबस्थापन/वित्तिय जोखिम न्युनीकरण गर्न तथा पारदर्शिता कायम गर्नको लागी सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षणलाई निरन्तर गरिनेछ । चालु आर्थिक बर्षमा कोभिड १९ को कारणले सभा सम्मेलन र बढी मानिसहरु भेला हुने कार्यक्रम गर्न नसकिएकोले तय भएको सार्वजनिक सुनुवाई समेत स्थगित गरिएको थियो ।

१७३. सार्वजनिक सेवाको गुणस्तर, कार्य शैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ सार्वजनिक परिक्षण जस्ता विधि तथा औजारहरुको प्रयोग गरिनेछ । त्यसको लागी बजेट ब्यबस्थापन गरेको छु ।

१७४. कर्मचारी तथा जनप्रतिनिधि र उपभोक्ता समितिहरुको क्षमता विकास कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१७५. नागरिक सन्तुष्टि सर्वेक्षण गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय तथा सबै विषयगत शाखाहरुले प्रवाह गरेको सार्वजनिक सेवावाट जनताका

चाहनाहरुको परिपुर्ती बारे कम्तीमा बर्षमा १ पटक नागरिक सन्तुष्टि सर्वेक्षण गरिनेछ ।

१७६. ईलाका प्रहरी कार्यालयको घेरावार तथा कम्पाउण्डिङ गरिनेछ । क्षमता विकासको लागी सहयोग उपलब्ध गराईनेछ ।

## राजश्वका नीतिहरुः

१७७. कोभिड १९ को महामारीले पारेको प्रभावलाई न्युनीकरण गरी अर्थतन्त्रलाई गतिशिल तुल्याउनको लागी आगामी आर्थिक बर्षको लागी कुनैपनि करका दरहरु परिमार्जन गरिएको छैन ।

१७८. आर्थिक बर्ष २०७८/७९ देखी अनिवार्य रुपमा सम्पत्ति कर लागु गरिनेछ ।

१७९. व्यवसायकरको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न बौदीकाली गाउँपालिकामा विविध कार्यक्रम सहित प्रत्येक बर्ष भाद्र १ देखी ७ सम्म कर जागरण सप्ताह संचालन गरिनेछ ।

१८०. गाउँ सभाद्वारा तोकिएको कर असोज मसान्त भित्र बुझाउनेलाई सम्पत्ति कर, पेशा व्यवसाय कर र घर जग्गा वहाल करमा लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ ।

१८१. चालु आ.व.को आषाढ मसान्तसम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आएको आ.व.बाट पहिलो वर्ष १० प्रतिशत र त्यसपछिका प्रत्येक वर्षहरुमा थप ५ प्रतिशतका दरले विलम्ब जरिवाना जोडी

